नौ

# सुकुमबासी बस्ती : शहरले जन्माएको शहरसँग अन्तरक्रियाको माध्यम

**रामचन्द्र श्रेष्ठ**

*"संसारमा लगभग एक अर्ब जनसंख्या सुकुमबासी छन् अर्थात् छ जनामध्ये एक जना अवैधानिक सुकुमबासी बस्तीमा बसोबास गर्छन् ।"* — रोबर्ट न्यूअर्थ, स्याडो सिटी

सामान्यतया सुकुमबासी बस्तीलाई अनधिकृत ढंगले गरिएको बसोबासको रूपमा अर्थ्याइन्छ । नेपाल सरकारले सुकुमबासी बस्तीलाई "स्लम बस्ती" नाम दिएको छ । राजपत्रमा "स्लम बस्ती" लाई "सानातिना आय मूलक कार्य गर्न वा जीविकोपार्जन गर्न ग्रामीण क्षेत्रबाट आई महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका क्षेत्रका सरकारी/सार्वजनिक जग्गामा आफूखुसी घर वा टहरा बनाई बसोबास गरेको बस्ती" को रूपमा परिभाषित गरिएको छ (नेपाल राजपत्र २०७३) ।

यो परिभाषाले सुकुमबासी बस्तीलाई स्पेस (स्थान) को रूपमा स्थापित गर्छ । तर सुकुमबासीको परिभाषालाई स्पेसमा सीमित नगरी आर्थिक आधारमा हेरिनुपर्ने धारणा पनि छ । सुकुमबासीलाई घर तथा भूमि विहीनको अर्थमा मात्र बुझ्ने हो भने यस्तै प्रकृतिको तर ज्यालादारी श्रम गरी बस्ने भाडामा बसिरहेको व्यक्तिलाई सुकुमबासी नठानिने यथार्थ बुझिन्छ (ढकाल २०७५) । सुकुमबासी बस्ती मुलतः "स्लम बस्ती" नै हुन् जो शहरको मुख्य भागभित्र पनि नमानिने अनि बाहिरी पनि नमानिने "आउट प्लेसेस" हुन् (ढकाल २०७५) । आर्थिक आयामबाट हेर्दा सुकुमबासीलाई शहरी गरिबीको पर्यायको रूपमा पनि लिइन्छ । सुकुमबासीले शहरी गरिबीको प्रतिनिधित्व गर्छन् जसले शहरी समाजलाई सम्पन्न बनाउन निरन्तर योगदान गरिरहेका छन् (तानाका २०६३) । सुकुमबासीलाई अनौपचारिक

बसोबासको रूपमा समेत परिभाषित गर्ने गरिन्छ । “वास्तवमा सुकुमबासी अनौपचारिक र असंगठित बसोबासको रूपमा चिनिन्छन् जो आधारभूत भौतिक (आवास, खुला क्षेत्र, नाली, सडक, टेलिफोन आदि) र सामाजिक (साक्षरता, स्वास्थ्य, सहभागिता, संगठन आदि) को अभावमा हुन्छन्” (आचार्य सन् २०१० : १८३) । अर्कोतर्फ सुकुमबासी बस्ती निर्माणको प्रक्रियालाई भने बसाइँसराइ र भूमिहीनतासँग जोडेर हेर्ने गरिन्छ । नेपालमा भूमि बेच्न वा छोड्न बाध्य पहाडका भूमिहीनहरू वा निकट भूमिहीनहरू तराईमा सुकुमबासी बनेका भेटिन्छन् (काप्लान र श्रेष्ठ सन् १९८२) ।

नेपाल सरकारले सुकुमबासीलाई समस्याको रूपमा ग्रहण गरेको छ । त्यसैले समस्या समाधानको लागि पटक-पटक सुकुमबासी समस्या समाधान आयोग गठन भएका छन् । प्रजातन्त्रको पुनःस्थापनापछि मंसिर ९, २०४७ मा पहिलो पटक सुकुमबासी समस्या समाधान आयोग गठन गरिएको थियो (सुकम्बासी समस्या समाधान आयोग २०६६) । त्यस यता १२ ओटा आयोग गठन भइसकेका छन् र ४६ हजार बिघा जमिन वितरण गरिएको छ (मैनाली २०७४) । सुकुमबासीलाई समस्याको रूपमा परिभाषित गरे तापनि सुकुमबासीको तथ्यांक र अभिलेखीकरणमा पर्याप्त ध्यान नदिएको देखिन्छ । संघीय सरकार, केन्द्रीय तथ्यांक विभागका प्रकाशनदेखि प्रदेश सरकार र स्थानीय तह सम्मका प्रोफाइलमा कतै पनि सुकुमबासीबारे पर्याप्त तथ्यांक र विवेचना गरेको पाइँदैन ।

सुकुमबासी बस्तीलाई अनधिकृत, अनौपचारिक र असंगठित बसोबास र शहरी गरिबीको प्रतिनिधित्वको रूपमा परिभाषित गरे तापनि शहर सँगको सम्बन्धबारे खासै व्याख्या गर्न सकिरहेको देखिँदैन । सुकुमबासी बस्तीको स्थापनामा शहरीकरणको भूमिकाबारे कमै अध्ययन भएको पाइन्छ ।

यो अध्ययन बुटवलको नवीनतम सुकुमबासी बस्तीको स्थापना, त्यसको स्थायित्वको लागि संघर्ष र त्यसको गतिशीलता (डाइनामिक्स), स्थायित्व सँगसँगै शहरसँग त्यहाँका बासिन्दाको अन्तरक्रियाबारे केन्द्रित छ ।[१] कसरी शहरमा सुकुमबासी बस्तीको आधार बन्छ, नयाँ बस्तीले कसरी स्थायित्व ग्रहण गर्छ, कसरी सुकुमबासी बस्तीले शहरी संस्कृति ग्रहणमा भूमिका खेल्छ भन्ने खोजी नै अध्ययनको मुख्य विषय हो । समग्रमा, कसरी सुकुमबासी बस्ती भनेर चिनिने “स्पेस” (स्थान) मानवीय गतिविधि मार्फत “प्लेस” को स्वरूप ग्रहण गर्छ भन्ने अध्ययनको मुख्य केन्द्र हो । स्पेसले भौगोलिक चरित्र जनाउँछ भने प्लेसले मानवीय गतिविधिलाई । प्लेस सामाजिक प्रक्रियाबाट निर्मित हुन्छ । यसले पहिचान दिन्छ (व्यक्ति कहाँबाट आएको हो), समुदाय निर्माण गर्छ र सुरक्षा प्रदान गर्छ (जियाङमिन र अरू सन् २०१३ : ८–१४) ।

[१] यस सम्बन्धमा त्यहाँका बासिन्दासँग साउन–चैत २०७५ का विभिन्न मितिमा कुराकानी गरिएको थियो ।

## बुटवलमा सुकुमबासी

सुकुमबासी बस्तीको स्थापना शहरीकरणसँग अभिन्न ढंगले गाँसिएको हुन्छ । शहरीकरणको तीव्रतासँगै गाउँबाट शहर बसाइँ सर्ने मानिसको संख्यामा पनि वृद्धि हुन्छ । श्रम बिक्रीको प्रशस्त सम्भावना, रोजगारको उपलब्धता, व्यापार-व्यवसायको सम्भावना, शिक्षा, स्वास्थ्य लगायतका सुविधाको उपलब्धताका कारण शहर बसाइँ सरी आउने आकर्षणको केन्द्र भएको छ । यसरी बसाइँ सरी आउनेमध्ये भूमिहीन, निम्न पूँजी भएका, ज्यालादारी श्रम गरेर बाँच्नेका लागि शहरको मुख्य भागमा बसोबास गर्न कठिन हुन्छ । उनीहरूले खोला किनार, शहरको परिधिमा भएका जंगल छेउ, सार्वजनिक जमिन ओगटेर बस्ती स्थापना गर्छन् । त्यही बसाइ पछि सुकुमबासी बस्तीको रूपमा चित्रित हुन्छ ।

अर्थशास्त्री आर्थर लुइसले ग्रामीण अर्थतन्त्रबाट शहरी अर्थतन्त्रतर्फ कसरी श्रमशक्ति प्रसार हुन्छ भनेर व्याख्या गरेका छन् । उनका अनुसार प्रविधि र पूर्वाधारको सीमितताका कारण ग्रामीण अर्थतन्त्रको उत्पादन निश्चित हुन्छ जसका लागि निश्चित श्रमशक्ति भए पुग्छ । त्यसैले निश्चित उत्पादनका लागि चाहिने निश्चित श्रमभन्दा बढी श्रम गाउँमा जगेडा रहन्छ । त्यसरी जगेडा रहेको श्रमशक्ति अवसरको खोजी गर्दै शहर छिर्छ । शहरमा हुने विविधतापूर्ण उद्यमले उसलाई रोजगार दिन्छ । एकतर्फ श्रमिकले रोजगार पाउँछ भने अर्कोतर्फ उक्त श्रम समेतको लगानीबाट उद्योगले अतिरिक्त पूँजी निर्माण गर्छ (तोडारो र स्मिथ सन् २०१५ : १२४–१२७) ।

ग्रामीण भेगबाट बसाइँ सरी आउनेहरूका लागि बुटवल आकर्षणको केन्द्र हो । पाल्पाका राजा मणिमुकुन्द सेनको पाँच सय वर्ष पुरानो ग्रीष्मकालीन दरबारको अवशेषले पाँच सय वर्षअघि नै बुटवल मानवबस्तीको रूपमा स्थापित भइसकेको इंगित गर्छ । सन् १८१४–१८१६ मा भएको नेपाल-ब्रिटेन युद्धमा नेपालले विजय प्राप्त गरेको जितगढी किल्लाको अवशेषले भने यो थलो रणनीतिक बिन्दुको रूपमा समेत प्रयोग भएको देखाउँछ । तथापि बुटवल बजारको स्थापना सुगौली सन्धिपछि उत्तर भारतका व्यापारी तथा कुटीर व्यवसायी र पाल्पाका नेवार व्यवसायीको आगमन पश्चात् भएको देखिन्छ । त्यति बेला यो स्थान पाल्पा गौंडा प्रशासनको मातहतमा थियो । वि.सं. १९५० सालसम्म बुटवलमा हिउँदे व्यापार मंसिरदेखि चैत्र–वैशाखसम्म मात्र चल्ने गर्थ्यो । वि.सं. १९५० मा "चौतारा भन्सार अड्डा" को स्थापना सहित बुटवलमा बाह्रै महिना बसोबास हुन थाल्यो (प्रधान २०७५ : ८०) । त्यति बेला बुटवल बुटवल भइसकेको थिएन । बटौली भनेर तिनाउ नदीदेखि उत्तर पश्चिम भागको बस्तीलाई चिनिन्थ्यो भने पूर्वी भागलाई खस्यौली भनिन्थ्यो ।

पहाडका मानिसहरूले आफूसँग भएको घ्यु, मसला, जडीबुटी बेची उत्तर भारतबाट आयातित नुन, मट्टितेल, कपडा लगायतका दैनिक जीवनयापनका सामग्री खरिद गर्ने बजार थियो बुटवल । मलेरिया, बाढी र गर्मीका कारण यस्तो व्यापार हिउँद महिनामा मात्र हुन्थ्यो

(क्षेत्री २०६६ : १७३–१८०) । सन् १९६० को दशकको शुरूआतसम्म पनि बुटवलको बस्ती मौसमी रूपमा वृद्धि हुन्थ्यो । हिउँदमा चार हजारसम्म पुग्ने यहाँको जनसंख्या गर्मी महिनामा भने खुम्चिन्थ्यो (शालहेम सन् २०१५ : ६९) ।

मलेरिया उन्मुलन, सिद्धार्थ र त्रिभुवन राजमार्गको निर्माण, बुटवल टेक्निकल इन्स्टिच्युटको स्थापना (वि.सं. २०२०), तिनाउ नदीबाट एक मेगावाटको विद्युत उत्पादनजस्ता योजनाबद्ध क्रियाकलापले बुटवलको स्थायी जनसंख्या वृद्धि गर्न मद्दत गरे । वि.सं. २०१५ सम्म बुटवल खस्यौली ग्राम पञ्चायत रहेको बुटवल वि.सं. २०१६ बाट बुटवल-खस्यौली नगरपालिका, २०१८ देखि बुटवल-खस्यौली नगरपञ्चायत, २०३५ देखि बुटवल नगरपञ्चायत हुँदै २०४६ देखि बुटवल नगरपालिका बन्यो । पुस २८, २०७१ मा नगरपालिकाबाट उपमहानगरपालिकामा स्तरोन्नति भयो (बुटवल उमनपा कार्यालय २०७४ : ७) ।

सन् १९७६ (वि.सं. २०३२) मा ४३४ रोपनी क्षेत्रफलमा फैलिएको "बुटवल औद्योगिक क्षेत्र" स्थापना पश्चात् यो नगर औद्योगिक शहर बन्ने यात्रामा लम्कियो । त्यस्तै, सन् १९६०, ७० र ८० को दशकमा सिद्धार्थ राजमार्ग र महेन्द्र राजमार्गको निर्माणपछि बुटवल दुई राजमार्गको संगम बन्यो जसले बजार विस्तार गर्न उल्लेखनीय भूमिका खेल्यो । त्यसपछि बुटवलमा उद्योग, व्यापार, व्यवसाय द्रुत गतिमा विस्तार हुन थाले । वि.सं. १९८८ तिर प्राथमिक विद्यालयबाट शुरू भएको बुटवलको शैक्षिक यात्रा २०२१ सालमा नगरपञ्चायत मार्फत निःशुल्क माध्यमिक शिक्षासम्म पुगेको थियो । वि.सं. २०२८ मा लुम्बिनी कलेजको स्थापना भयो जुन २०३० मा बुटवल बहुमुखी क्याम्पसमा परिणत भयो । त्यस्तै, २०३८ सालमा लुम्बिनी वाणिज्य क्याम्पस र २०४८ मा सिद्धार्थ बहुमुखी क्याम्पस स्थापना भयो (शाक्य २०५३ : १४) । उद्योग, व्यापार, व्यवसाय, स्कूल, कलेज, अस्पताल, यातायातले बुटवललाई गाउँ र पहाडबाट बसाइँ सरी आउने थलोको रूपमा आकर्षणको केन्द्र बनाए ।

जीविकोपार्जनका विविध सुविधाको उपलब्धता हुँदा ग्रामीण क्षेत्रबाट बसाइँ सरी आउने बुटवल सम्भावनाको रूपमा उदायो । "पहाडतिर कम सम्पत्ति भएका मानिसको लागि पनि बुटवलमा जीवन निर्वाह गर्न सजिलो हुन्थ्यो । ज्यालादारी मजदुरीका लागि यहाँ प्रशस्त सम्भावना थियो । त्यसैले साधारण मानिस पनि बुटवलमा बसाइँ सर्न थाले ।"[२]

बसाइँ सरी आउनेहरू खस्यौलीको जंगल फाँडेर बस्थे । अधिकांश मानिस पर्ती जमिनमा बस्थे जसलाई पछि कानूनी वैधता प्रदान गरिन्थ्यो । केही कृषियोग्य जमिन पनि ओगटिन्थे । पछि नदी उकासमा पनि बसोबास हुन थाल्यो ।

"शुरूआतमा व्यक्तिले ओगटेको जमिनलाई स्थानीय निकायले तिरो तिर्ने गरी अभिलेख राख्थ्यो । पछि त्यस्ता धेरै घडेरी बहालबिटौरीमा उल्लेख गरियो । बहालबिटौरीको खास

[२] २००७ सालमा बुटवलमै जन्मेका पूर्व उप-प्रमुख एवं बुटवलको इतिहासका जानकार विमलबहादुर शाक्यसँग फागुन ११, २०७५ मा गरिएको कुराकानी ।

परिभाषा स्थानीय निकायले भाडामा दिएको जमिन भन्ने हुन्छ । तर बुटवलको हकमा व्यक्तिको जमिनलाई पछि अभिलेख राखिएको मात्र हो । २०२७ सालमा नापी हुँदा यस्ता जमिनलाई बिटौरी उल्लेख गरिएको थियो । यस्तो बिटौरीको किनबेच पनि हुने गर्थ्यो । मालपोतमा स्रेस्ता कायम नभए पनि स्थानीय निकायले कर लिन्थ्यो र अभिलेख राख्थ्यो ।"[३]

बसाइँसराइको हिसाबले पनि बुटवलमा जमिनका धेरै प्रकार भेटिन्छन् । पटक-पटक नापी भए तापनि यहाँ जमिनको जटिलता अझै कायम छ । यहाँ रैकर बाहेक बिटौरी, कोदाले, पर्ती, जंगल क्षेत्र, सार्वजनिक, अव्यवस्थित तथा सुकुमबासी लगायतका जमिन प्रचलित छन् ।

पञ्चायत कालमा आवादी बढाउन राज्यले नै तराईका विभिन्न भू-भागमा बसाइँसराइ आउन प्रोत्साहन गऱ्यो । पुनर्वास कम्पनी स्थापना गरेर बसाइँसराइलाई प्रोत्साहन गरियो । बुटवलमा भने पुनर्वास कम्पनीले जमिन वितरण गरेको थिएन । यद्यपि, अन्य माध्यम मार्फत भारतीय सेनाबाट सेवानिवृत्त व्यक्तिलाई आकर्षित गरियो । यसरी पञ्चायती सरकारको प्रोत्साहनमा बुटवलको योगिकुटीमा आई बसेका भारतीय पूर्व सैनिकको टोललाई लखनउ टोल भनेर चिनिन्छ । आवादी बढाउन पञ्चायती सरकारले अँगालेको यो लचिलो शैली २०४६ सालमा बहुदल स्थापना पश्चात् पनि कायम रह्यो ।

शुरूआतमा ओगटिएका धेरैजसो जमिनको लालपुर्जा प्रदान गरियो । तर कैयौँ जमिनको लालपुर्जा अहिले पनि दिइएको छैन । ती सबै लालपुर्जा विहीन सुकुमबासी भने होइनन् । भोगचलन गरिएको, बिक्री वितरण पनि भइरहेको, नगरपालिकामा अभिलेख रहेको र नगरपालिकालाई कर तिर्दै आएको जमिन बिटौरी हो । मालपोतमा समेत अभिलेख रहेको तर लालपुर्जा नभएको कोदाले जमिन हो । तर नगरपालिका वा कुनै पनि सरकारी अड्डामा अभिलेख नरहेको जमिन सुकुमबासीको रूपमा परिचित भयो ।

बहुदल स्थापनापछि बढ्दो बसाइँसराइसँगै सुकुमबासी बस्तीको आकार पनि फराकिलो हुँदै गयो । भोट बैंकका लागि राजनीतिक दलहरूले ती बस्तीलाई वैधानिकता प्रदान गर्न राज्य संयन्त्रबाटै अभ्यास गरे । विमलबहादुर शाक्य भन्छन् :

> राजनीतिक पार्टीहरूले सुकुमबासी बस्तीलाई मलजल गरे । पटक-पटक गठन भएका सुकुमबासी समस्या समाधान आयोगहरूले लालपुर्जा वितरण गर्दै गए । वि.सं. २०५१ मा भोजप्रसाद श्रेष्ठ सुकुमबासी समस्या समाधान आयोगको जिल्ला अध्यक्ष बनेको समयमा चार हजार घरधुरीलाई लालपुर्जा वितरण गरियो साथै

[३] बिटौरी तथा कोदाले जग्गाको लालपुर्जा प्राप्तिका लागि स्थापित "कोदाले तथा बिटौरी जग्गा समस्या समाधान समिति २०७३" का अध्यक्ष खेम लुंइटेलसँग फागुन ११, २०७५ मा गरिएको कुराकानी ।

> बाह्र हजार घरको नापजाँच र अध्ययन गरियो । सात महिनाको अवधिमा भएको व्यापक लालपुर्जा वितरणले सुकुमबासी बस्तीलाई थप प्रश्रय दियो ।[४]

बुटवलको जनसंख्या वृद्धि पनि राजनीतिक परिवर्तनसँग जोडिएको छ । २०४६ को आन्दोलनपछि यहाँको जनसंख्या ठूलो मात्राले बढेको देखिन्छ । "नेपाल : जिल्लागत वस्तुस्थिति" मा उल्लिखित "नगरपञ्चायतको निम्ति व्यवस्थापन अध्ययन परियोजना" अनुसार आ.व. २०४४/४५ मा बुटवल नगरपञ्चायतको जनसंख्या ३९,४३८ थियो (नेसनल रिसर्च एसोसियट्स २०४६ : ५१६) । २०४६ सालमा बहुदल स्थापना पश्चात् भएको २०४८ सालको जनगणना अनुसार तीन वर्षमा १२ प्रतिशतले वृद्धि भई बुटवल नगरपालिकाको जनसंख्या ४४,२७२ पुग्यो (पपुलेसन मोनोग्राफ सन् २००३ : ३८१) ।

बुटवलमा सुकुमबासी बस्ती विस्तारको पछाडि भूमिहीनताको सिद्धान्त लागू हुन्छ । भूमिहीनताका दुई ओटा सिद्धान्त छन् । पहिलो, भूमिको निरपेक्ष अभाव । दोस्रो, भूमिको सापेक्षिक अभाव । पहिलो सिद्धान्तले भूमिहीनताको कारण भूमिको प्राकृतिक अनुपलब्धतालाई मान्दछ । यसलाई भूमिको प्राकृतिक एकाधिकार पनि भनिन्छ । दोस्रो सिद्धान्तले भूमिको सामाजिक एकाधिकारलाई व्यक्त गर्छ । असमान भूमि वितरण प्रक्रियाकै कारण भूमिहीनताको सिर्जना हुन्छ भन्ने यो सिद्धान्तको मत हो । अर्थात्, भूमिमाथि एक थरी वर्गको एकाधिकारकै कारण अर्को वर्गमा भूमिहीनता हुन्छ (श्रेष्ठ सन् २००१ : १०८–१०९)

बुटवलमा शुरूआतमा आइपुगेका मानिसले धेरै जमिन ओगटे । प्रशासनिक पहुँचका कारण उनीहरूले लालपुर्जा प्राप्त गरे । त्यही जमिन टुक्राउँदै पछि अनेकन घडेरी निर्माण गरी बेचबिखन गरियो । दोस्रो चरणमा आइपुगेका मानिसहरूले रहलपहल जंगलको भू-भाग कब्जा गरे । बुटवलको दीपनगर यसरी नै बनेको हो । यो बस्ती सुकुमबासीको नाममा परिचित भयो र यसले २०५१ मा लालपुर्जा प्राप्त गऱ्यो । तेस्रो चरणमा आउने मानिसको लागि बुटवलमा कब्जा गर्न बञ्जर जमिनको अभाव भयो । यो भूमिको निरपेक्ष अभाव नै थियो । नयाँ आप्रवासीको लागि बुटवलमा दुई मात्र विकल्प थिए । पुराना जमिन भएका मानिससँग खरीद गर्ने वा तिनाउ नदीको किनार र रहलपहल सार्वजनिक जमिनमा बस्ती स्थापना गर्ने । नदी उकास क्षेत्र र रहलपहल सार्वजनिक जमिनमा स्थापित बस्ती नै अहिले सुकुमबासी बस्तीको रूपमा परिचित छ ।

सारमा, मलेरिया उन्मूलन, राजमार्गहरूको निर्माण, उद्योग र व्यापारको विस्तारसँगै बुटवल शहर बन्ने प्रक्रियामा लम्कियो । जीवन निर्वाहको लागि उपयुक्त अवसरको उपलब्धताका कारण यो बसाइँ सरी आउने थलो बन्यो । गाउँबाट बसाइँ सरी आउनेहरूको लागि यहाँको जंगल, पर्ती जग्गा र नदी उकास क्षेत्र नै बासस्थानको मुख्य थलो थियो

[४] शाक्यसँग फागुन ११, २०७५ मा गरिएको कुराकानी ।

जुन प्रशासनिक सहजताका कारण सजिलै पुर्जावाल जग्गामा परिणत हुन्थे ।[५] समयक्रममा पुर्जावाल जग्गामा परिणत हुने सम्भावनाले जमिनप्रति थप आकर्षण बढायो । यो आकर्षणको पछाडि राजनीतिक संरक्षणको पनि उल्लेखनीय भूमिका रह्यो । परिणाम, सुकुमबासी बस्तीहरू बढ्न थाले । तर निरपेक्ष भूमिहीनताको कारण शुरूमा जंगल मासेर पर्ती जग्गामा बस्ने सुकुमबासी बस्ती तिनाउ नदी उकास क्षेत्रमा स्थापित हुन थाले । सुकुमबासी बस्ती स्थापनाको यो शृंखलाको पछिल्ला बस्तीमध्ये एउटा हो बिनापाते ।

## बसाइँको शुरूआत : छेउछाउबाट प्रवेश

नयाँ बस्ती शून्यबाट स्थापित हुँदैन । शहरमा ज्यालादारी मजदुरी, स-सानो व्यवसाय र सरकारी तथा गैरसरकारी संस्थामा सामान्य पदमा काम गर्ने मानिसहरूका लागि बासस्थानको खाँचो हुन्छ । सुकुमबासी बस्ती उनीहरूको खाँचो पूरा गर्ने साधन बन्छन् । उपयोगमा नआएका सार्वजनिक जमिन उनीहरूको चासोमा पर्छन् । शहरमा पहिलेदेखि बसिरहेका मानिसले त्यस्ता जमिन पहिचान गर्छन् र उनीहरू बस्ती स्थापनाको दिशामा लम्कन्छन् । बिनापातेका शुरूआती बासिन्दा पनि यस वरपरका मानिस नै थिए ।

बिनापाते बस्ती बुटवल उपमहानगरपालिका वडा नं. ११ देवीनगरको पश्चिमतर्फ तिनाउ नदीको पूर्वी तटमा अवस्थित छ । उत्तरतिर तिनाउ नदीकै भाग र दक्षिणमा "डम्पिङ साइट" छ । यसको पूर्वी सीमानामा पवित्रनगर, पूर्व-दक्षिणमा हात्तीसुँड सुकुमबासी बस्ती छन् । उत्तरी भागबाट घुमेर नदी बस्तीको पश्चिम हुँदै बग्छ ।

बस्ती स्थापनाका नेतृत्वकर्ता लालबहादुर दर्जीका अनुसार बिनापाते उपयोगमा नआएको खाली जमिन थियो । यहाँ पात बिनाको स-सानो बुट्यान मात्र हुने हुनाले यसलाई बिनापाते नामकरण गरिएको हो । पहिले नदी बिनापातेको पूर्व र पश्चिमबाट बग्थ्यो । बिनापातेको उपभोक्ता समिति सत्यवती टोल विकास संस्था तथा पूर्ववत् तिनाउ बस्ती विकास समितिका सचिव श्याम तुलाचनका अनुसार २०५७/०५८ सालबाट नदी पश्चिम कुनातर्फ बग्न छोड्यो । नदीले बाटो फेरेपछि यो ठाउँ बञ्जर जमिन बन्यो ।

सुकुमबासी बस्ती स्थापनाका लागि निश्चित राजनीतिक सन्दर्भको आवश्यकता पर्छ । दिल्लीका सुकुमबासी बस्तीबारे अनुसन्धान गरेका समाजशास्त्री सञ्जय श्रीवास्तवका अनुसार यस्ता बस्ती स्थापनाको लागि समुदायको आवश्यकता र राज्य सँगको दूरीको

[५] बुटवलमा तिनाउ नदी मात्र नभएर सानो आयतनको सुकौरा खोला पनि थियो । यही खोलाले सुख्खानगर र दीपनगर विभाजन गर्थ्यो । खोलाको केही क्षेत्र अझै बाँकी छ तर अधिकांश क्षेत्र मानवबस्तीले ओगटिसकेको छ । त्यसैले नदी उकास क्षेत्रको अर्थ तिनाउ नदीमात्र नभएर सुकौरा खोलाको क्षेत्र पनि हो ।

आवश्यकता पर्छ (श्रीवास्तव सन् २०१५ : १६)) । यस्ता बस्ती स्थापनामा राज्यको भूमिका सकारात्मक हुनुपर्छ अथवा राज्यले स्थापनाप्रति उपेक्षा प्रकट गर्नुपर्छ, होइन भने शुरूआतमै उजाडिनुपर्ने अवस्था आउँछ । वडाध्यक्ष रामचन्द्र क्षेत्री बस्ती स्थापनाको यो प्रारम्भिक शर्तलाई पुष्टि गर्छन् । उनका अनुसार मुख्य-मुख्य राजनीतिक परिवर्तनको समयमा बुटवलमा सुकुमबासी बस्ने दरमा वृद्धि भएको देखिन्छ । २०३५/३६ सालको आन्दोलन र जनमत संग्रहको बेलामा, २०४६ देखि २०४८ सालको समयावधिमा, २०५८ सालपछि द्वन्द्वको समयमा बुटवलमा सुकुमबासी बस्ती बढीजसो स्थापना भएको पाइन्छ ।

वि.सं.२०५८/५९ तिरबाट बिनापाते बस्ती बस्न थालेको हो । यो समयमा नेपाल माओवादी सशस्त्र द्वन्द्वको चरम अवस्थामा थियो । राज्यका स्थानीय निकायहरू विघटित थिए । संसदीय दलहरू अन्योलमा थिए । त्यति बेला बुटवलभरी नै सुकुमबासी बस्ती स्थापनाको लहर चलेको थियो । त्यसको मुख्य केन्द्र तिनाउ नदीको बगरसँग गाँसिएको र प्रशस्त सार्वजनिक जमिन रहेको अहिलेको वडा नं. ११ भएको थियो ।

बिनापातेमा सुकुमबासी बस्ती बस्नुमा मुख्य भूमिका तिनाउको गिट्टी-ढुंगा उत्खनन् र रिक्सा चलाउने पेशाले खेलेको छ । त्यति बेला तिनाउ नदीमा गिट्टी, ढुंगा, बालुवा उत्खनन् गर्न रोक थिएन । त्यस्तै, रिक्सा चलाउने पेशा पनि उत्तिकै फस्टाएको थियो । "बिनापाते र आसपासका सुकुमबासी बस्तीका शुरूआती बासिन्दा प्रायः खोलामा गिट्टी, ढुंगा, बालुवा संकलन गर्ने मजदुर नै हुन् । कतिपय घर बनाउने निर्माण मजदुर र रिक्सावाल हुन् ।"[६]

बिनापाते शुरूमै सुकुमबासी बस्तीको लागि आकर्षित स्थान थिएन । अन्य सुकुमबासी बस्तीमा पनि ठाउँ नपाएपछि मात्र यो विकल्प बन्न पुगेको हो । बस्ती स्थापनार्थ नेतृत्वदायी भूमिका खेल्ने लालबहादुर दर्जीको अनुभव यस्तै छ । लालबहादुर दर्जीको पुर्ख्यौली घर पर्वत हो । पर्वतबाट उनी शुरूमा बुटवलबाट ४० किलोमिटर पश्चिममा पर्ने रुद्रपुरमा बसाइँ सरी आए । त्यहाँ कहिले आएको भन्ने उनलाई सम्झना छैन । २०४४ सालतिर एउटा साथीको माध्यमबाट नगरपालिकामा कार्यालय सहयोगी (पियन) को जागिर खाए । पछि बुटवलस्थित प्रहरी तालिम केन्द्रमा भान्सेको रूपमा स्थायी जागिर पाएपछि नगरपालिकाको जागिर छाडे । अहिले उनी प्रहरी तालिम केन्द्रको जागिरबाट पनि सेवानिवृत भइसकेका छन् ।

२०५८ सालतिर उनी बिनापाते नजिकैको माझगाउँमा बस्थे । प्रहरी तालिम केन्द्रको जागिरको आम्दानीले नपुग्ने हुँदा उनको परिवारले बिनापाते नजिकको माझगाउँमा खेत अधियाँमा लिन्थ्यो । यसो गर्दा खेतवालाको जमिनमा नै बस्न पाइन्थ्यो । घडेरीमा फेरिँदै गएकाले त्यति बेला माझगाउँमा खेतहरू मासिने क्रम तीव्र थियो । त्यसैले खेती गर्न समस्या हुँदै गइरहेको थियो । अर्कोतर्फ, उनीहरूलाई पनि स्थायी रूपमा बस्ने ठाउँको

[६] बुटवल उपमहानपा वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र क्षेत्रीसँग वडा कार्यालयमा माघ १८, २०७५ मा गरिएको कुराकानी ।

आवश्यकता थियो । उनीहरू पनि नयाँ खुलिरहेका वरिपरिका सुकुमबासी बस्तीमा बस्न खोजे तर कतै ठाउँ पाएनन् । नयाँ खुलेको हात्तीसुँडतिर बस्न खोजे तर अवरोध भयो । जमिन खोज्ने क्रममा बिनापाते भेटियो । बस्ती स्थापनाको प्रसंग दर्जीकी श्रीमती देवकुमारी परियार यसरी सम्झिन्छिन् :

> वाणिज्य क्याम्पसको पछाडि हात्तिसुँडतिर धेरैले बाँस गाड्न थालेका थिए । हामीले पनि घर बनाएर बस्न पाए हुन्थ्यो भन्ने सोच्यौँ । लुम्बिनी वाणिज्य क्याम्पसको पछाडिको खाली जमिनमा बाँस गाड्यौँ तर राति को-को आएर निकालेर फालिदिएछन् । अरूहरूले 'ल त्यहाँ त बाँस फालिदिए' भने । गएर हेर्छम् त सबै बाँस फालिदिएका ! अब कहाँ जाने त भनेर खोज्न थालिम् । हामी पहिलादेखि नै माझगाउँमा बसेको । अब कहाँ जाने त यहाँ राम्रो ठाउँमा बस्न दिएनन् । खोलाको छेउ भए पनि यतै बस्नुपर्छ कि भन्ने मनमा आयो । चिनेजानेको वरिपरिका साथीहरूसँग छलफल गर्‍यौँ अनि दोहोरो खोलाको बीचमा दश पन्ध्र जना भएर झुप्रो हाल्यौँ ।

दर्जीसँगै बस्ती स्थापनाका अर्का अगुवा हुन् दुर्गाबहादुर विक । विक बिनापातेको उत्तर तिरको सुकुमबासी बस्ती मझुवामा डेरा गरेर बस्थे । उनी बुटवलमा मजदुरी गर्थे । दिनभर घर बनाउने काम गर्थे बिहान बेलुका खोलामा गिट्टी कुट्थे । शुरूआती दिनबारे विक भन्छन्, "बढीजसो खोलामा गिट्टी कुट्नेहरू थिए । यही वरिपरि मझुवा, प्रगतिनगर, बुद्धनगरका मानिस आएका थिए ।"

लालबहादुर दर्जीका अनुसार शुरूमा बस्तीमा बसोबास गर्नेमध्ये अधिकांश दलित थिए । दलितहरूको भूमिहीनताको ऐतिहासिक पृष्ठभूमिले शहरतिर धकेल्ने भूमिका खेलेको थियो । उनीहरू शहरमा मजदुरी गरेर डेरामा बस्थे । ती मजदुर पहाडी गाउँबाट तराईमा जीविकाको खोजीमा आएका थिए ।

५४ वर्षीय धनबहादुर परियार पनि बिनापातेको शुरूआत गर्नेमध्ये एक हुन् । उनको पुख्यौंली घर तनहुँ हो । त्यहाँ अधियाँमा खेती गर्ने र चाडपर्वमा बाजा बजाउने काम गर्थे । श्रीमती, तीन छोरा र तीन बुहारी, नातिनातिना पाल्न पहाडको अधियाँमा गर्ने गुजारामुखी खेतीले पुग्दैनथ्यो । त्यसैले उनी बुटवल आए । बुटवल आएर मझुवामा डेरा गरेर बस्न थाले ।

मकै पोल्ने पेशा गर्ने बेलबहादुर विक नवलपरासीमा बस्थे । उनी पहिला देवीनगरमा भाडामा बस्थे । बस्ती खुलेपछि उनी पनि रोक्न आइपुगे । यसरी छेउछाउका बस्तीमा डेरा गरेर बस्ने ज्यालादारी श्रमिकको बहुमतले नै बस्ती स्थापना गरे । टोल विकास संस्थाका

सचिव श्याम तुलाचनका अनुसार शुरूआतमा दलितको संख्या धेरै भए पनि जनजाति, ब्राह्मण र क्षत्रीको संख्या पछिल्लो समय बढ्दै गएको छ ।

## स्थायित्व र वैधानिकताको खोजी

स्थायित्वले दीर्घकालीन बसोबासलाई जनाउँछ । यो भौगौलिक चरित्रसँग बढी जोडिन्छ । अनेकन् चुनौतीसँग जुध्दै स्थायित्वको खोजी गरिन्छ । स्थायित्वले वैधानिकताको माग गर्छ । कुनै पनि बस्तीको स्थायित्वको खोजी संस्थाको निर्माणबाट हुन्छ । संस्थाले बस्तीका बासिन्दाबाट सहमतिको बलमा वैधता प्राप्त गरेको हुन्छ । वैधताको आधारमा संस्थाले विभिन्न चुनौतीसँग जुधेर स्थायित्व प्रदान गर्दछ । बिनापातेले पनि अनेकन् चुनौती सामना गर्दै स्थायित्वको खोजी गऱ्यो ।

### *प्रशासनिक चुनौती*

सुकुमबासी बस्तीका कैयन् चुनौती हुन्छन् । प्रशासन सँगको रस्साकस्सी पहिलो चुनौती हो । बिनापातेले भने यस्तो चुनौती भोग्नु परेन । त्यसको कारण यसको कमजोर भू-बनोट हो । कुनै बेला बुटवल नगरपालिकाको कर्मचारी पनि भइसकेका लालबहादुर दर्जी सुनाउँछन्, “देवीनगर तिरका केही मान्छेले नगरपालिकामा गुनासो गरेको थाहा पाएपछि म त्यहाँ गएर अधिकृतलाई भनेँ ‘यो गरिब-गुरुवाले कतै बस्ने ठाउँ नपाएर बसेको तिनाउको बगर हो । नगरपालिकाले केही गर्नुपर्दैन । लगे खोलाले लग्छ ।’ त्यसपछि नगरपालिकाले कहिल्यै पनि कुनै अप्ठ्यारो सिर्जना गरेन ।”

दर्जीले यस्तो भने तापनि यसको पछाडि राजनीतिक कारण थियो । वडा अध्यक्ष रामचन्द्र क्षेत्री भन्छन्, “त्यति बेलाको राजनीतिक कारणले पनि सुकुमबासी बस्ती फस्टाएका थिए । स्थानीय तह जनप्रतिनिधि विहीन भएकाले नगरपालिका प्रभावकारी बन्न सकेको थिएन । राजनीतिक पार्टीहरूले सुकुमबासी बस्तीलाई मलजल नै गरिरहेका थिए । त्यसको पछाडि राजनीतिक स्वार्थ नै थियो ।”

### *जमिन व्यवस्थापनको चुनौती*

जमिनको व्यवस्थापन अर्को चुनौती थियो । बस्तीको स्थापनासँगै ओइरिएका बासिन्दाले भोगचलन गर्ने जमिनको व्यवस्थापन चुनौती बन्यो । खासमा जमिनको व्यवस्थापनको लागि नै समितिको आवश्यकता खट्कियो । लालबहादुर दर्जीकी श्रीमती देवकुमारी भन्छिन्, “एकाध वर्षमा नै मान्छेहरू थपिँदै गए । मान्छेहरू बढ्दै गएपछि बस्तीको विकासको

लागि समिति चाहियो । अनि हामीले समितिको कल्पना गऱ्यौँ । हामी बुढाबुढीले बैठक राख्यौँ । बैठकबाट समिति गठन भयो ।"[७]

पहिलो समितिको आधिकारिक तथ्यांक अहिले उपलब्ध छैन । बाढीले समितिको पुरानो कार्यालय बगाएकाले सबै कागजात बगेको श्याम तुलाचन बताउँछन् । पहिलो समिति २०६० तिर गठन भएको तत्कालीन समितिका सदस्य दुर्गाबहादुर विक सम्झन्छन् । उनका अनुसार त्यति बेला ३८५ कुरिया थिए । शुरूमा समितिको नाम बिनापाते राखे पनि पछि "तिनाउ नगर विकास समिति" राखियो । विकका अनुसार समितिको अध्यक्ष लालबहादुर दर्जी थिए । उपाध्यक्ष मिनबहादुर कुमाल, सचिव खगेन्द्र पौडेल, सहसचिव गंगा सुवेदी, सदस्यमा दुर्गाबहादुर विक लगायत थिए । बस्तीमा बहुमत संख्या दलितको भए पनि टाठोबाठो र पढ्नलेख्न जानेकाले गैरदलितहरू समितिमा धेरै थिए ।

समितिले शुरूमा प्रत्येक घरधुरीबाट २०/२० रुपैयाँ उठाएर कोष बनायो । अनि जमिनको वितरण प्रणालीलाई व्यवस्थित गर्न थाल्यो । दर्जी सम्झिन्छन् :

> हामीले एकरूपता कायम गर्न खोज्यौँ । पहिला आउनेले बीच तिरको जमिन रोके । पछि आउनेले छेउछाउमा रोक्न थाले । एकरूपता होस् भनेर बराबरी जमिन ओगट्ने नियम बसाल्यौँ । अगाडि १८ हात र पछाडि ३० हात गरेर लगभग आठ धुर ओगट्ने व्यवस्था गऱ्यौँ । एउटै मान्छेले धेरै जमिन ओगट्न नपाउने गरायौँ । हामी समितिका मान्छेले पनि धेरै ओगटेनौँ । सबै गरिबगुरुवाको लागि रोकेको हो भने किन बढी रोक्ने भन्ने सोच्यौँ । यस्तो नराम्रो ठाउँ छ आउने आउन् र बसून् भन्ने सोच्यौँ ।

यसरी जमिन ओगट्ने तरिकामा एकरूपता ल्याउने कोसिस भएपछि समितिले खाली जमिन वितरण गर्न पनि थाल्यो । दुर्गाबहादुर विक भन्छन्, "कोही भाडामा बसेर मजदुरी गर्ने जसको अन्यत्र कतै केही छैन भन्ने समितिलाई लागेपछि एक हजार एकाउन्न रुपैयाँ लिएर दिइन्थ्यो । घडेरीको क्षेत्रफल आठ धुर कायम गरिएपछि खोलाको छेउतिर अलि धेरै र बस्तीको बीचतिर अलि कम हुन्थ्यो ।"

## *आधारभूत आवश्यकताको चुनौती*

जमिनको व्यवस्थापनसँगै समितिले आधारभूत आवश्यकतामा पनि ध्यान दिन थाल्यो । बस्तीको स्थायित्वको लागि आधारभूत आवश्यकताको व्यवस्थापन आवश्यक थियो । त्यस्तै प्रकृति सँगको संघर्ष अर्को पाटो थियो । त्यसैले समितिले खानेपानी, विद्युत, बाँध,

[७] देवकुमारी दर्जीसँग माघ १८, २०७५ मा गरिएको कुराकानी ।

शिक्षा लगायतमा ध्यान दिन थाल्यो । खानेपानीको लागि बोरिङ गाडियो । देवकुमारी परियार सम्झिन्छिन्, “गैंडाकोट पुगेर बोरिङ धसाउने मान्छे ल्याइएको थियो । उनीहरूले चार लाख लाग्छ तपाईँहरूलाई पानी खुवाएरै छोड्छौँ भनेका थिए । हरेक घरबाट पैसा उठाइयो, केही पैसा समितिको कोषमा पनि थियो । तर बोरिङ धसाउँदा धसाउँदै मेसिनको फाली अड्किएर भाच्चियो । थप पचास हजार खर्च भयो । बोरिङ सुचारु गर्न र घरको लागि नजिकैको बस्ती पवित्रनगरबाट विद्युत तानिएको थियो ।”

तटबन्ध र विद्युतबारे दुर्गाबहादुर विक सम्झन्छन् :

> सरकारी कार्यालयहरूबाट तटबन्धको लागि जाली मागेको पाइएन । पछि एमालेका स्थानीय नेता रामप्रसाद खनालको माध्यमबाट जाली पाइयो । प्रत्येक घरबाट अनिवार्य श्रमदानको आधारमा खोलामा जाली-ढुंगा लगाइयो । विद्युत ल्याउनको लागि पोल र तार टाँगियो । विद्युत प्राधिकरणका चिनजानका कर्मचारीले पोल र तार टाँगे विद्युत ल्याइदिने भनेका थिए । तर पोल गाडेको छ महिना नबित्दै बाढीले सबै लगिदियो ।

## *सामाजिक वैधता तर्फको यात्रा*

लालबहादुर दर्जीको समिति सधैँ कायम रहेन । २०६२ सालमा दर्जीको समिति विघटन भएर भीमबहादुर केसी अध्यक्ष बने । समितिमा पढेको मान्छे हुनुपर्छ भनेर बहुमतकै आधारमा नयाँ समिति बनाइयो । दुर्गाबहादुर विक भन्छन्, “समितिमा पढेको मान्छेको आवश्यकता भयो । अनि भीम केसी केही पढेको हुनाले उनलाई राखियो । सचिवमा अझ पढेको जानेको मान्छे चाहियो । भर्खर भर्खर आएका श्याम तुलाचनले गर्न सक्छन् । युवा हुन् र पढेका पनि छन् भनेर उनलाई सचिवमा चुनियो ।”

समितिको यस्तो फेरबदलमा राजनीतिक दलहरूको हस्तक्षेपकारी भूमिका हुन्थ्यो । श्याम तुलाचन भन्छन् :

> समिति निर्माण गर्न राजनीतिक दलहरूको महत्त्वपूर्ण भूमिका हुन्थ्यो । त्यति बेला यहाँ एमालेको बढी वर्चश्व थियो । २०६३ सालपछि माओवादीको प्रभाव बढ्न थाल्यो । ती पार्टीहरूले खटाए अनुसार समिति बन्थ्यो । फलाना-फलाना मान्छेलाई फलाना-फलाना पदमा राख्ने भन्ने हुन्थ्यो । दलका कार्यक्रम, जुलुसहरूमा सुकुमबासी बस्तीका मान्छेहरूलाई लगिन्थ्यो । त्यसको लागि पनि समितिमा आफ्नो मान्छे हुनु राजनीतिक दलहरूलाई आवश्यक थियो ।

यो वैधता तर्फको यात्रा थियो । वैधताले स्वीकारोक्तिलाई जनाउँछ । त्यस्तो स्वीकारोक्ति निश्चित सामाजिक मूल्य, मान्यता, विश्वास र परिभाषाले निर्मित प्रणालीको सीमाभित्र हुन्छ । वैधतालाई कानूनी र सामाजिक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । कानूनी वैधताले नियम, कानून र नीतिलाई इंगित गर्छ । त्यो भनेको कानूनी प्रणालीद्वारा स्वीकारोक्ति प्राप्त गर्नु हो । सामाजिक वैधताले समाजबाट स्वीकार हुनुलाई जनाउँछ । जमिनको सन्दर्भमा कानूनी कागजपत्र (लालपुर्जा, नक्सा, इत्यादि) को आधारमा कानूनी वैधता प्राप्त हुन्छ । यसरी कानूनी रूपले वैध जमिनले उपभोग, हस्तान्तरण, बिक्री, धितो, भाडा, लगानी आदिका लागि स्वीकारोक्ति प्राप्त गर्छ । जमिनको सामाजिक वैधताको अर्थ बसोबासको लागि सामाजिक स्वीकारोक्ति हो (श्रेष्ठ र अरू २०१६ : २५–२६) । सामाजिक वैधताका तीन आयाम हुन्छन्—आर्थिक, राजनीतिक र सांस्कृतिक ।

राजनीतिक उद्देश्यका लागि पनि राजनीतिक दलहरूको हस्तक्षेप महत्त्वपूर्ण थियो । अर्कोतर्फ बस्ती पनि वैधानिकताको खोजीमा थियो । सुकुमबासी बस्तीलाई वैधानिकता प्रदान गर्न राजनीतिक दलहरूको भूमिका रहेको वडाध्यक्ष रामचन्द्र क्षेत्री पनि स्वीकार्छन् । उनी भन्छन् :

> बिनापाते र अन्य सुकुमबासी बस्ती बस्नु र फैलिनुमा राजनीतिक पार्टीहरूको सहानुभूतिले काम गरेको साँचो हो । बस्ती बसिसकेपछि मानवीय जीवनका दैनिक आवश्यकताहरू पानी र विद्युत पुर्‍याइदिनै पर्छ । त्यसैले राजनीतिक पार्टी र स्थानीय तहले जस्तोसुकै बस्तीमा पनि पानी र विद्युतको लागि सिफारिस दिलाइदिने र सहयोग गर्ने गर्छ ।

यसरी राजनीतिक दलहरूको सहभागिताले बस्तीले राजनीतिक वैधता प्राप्त गर्दै गयो । बस्तीमा विद्यालय निर्माणको पनि प्रयास भयो । श्याम तुलाचन सम्झन्छन् :

> २०६३ सालमा तिनाउ नगर प्राथमिक विद्यालय भन्ने निजी विद्यालय स्थापना गर्‍यौँ । स्कूलको भवन बनाउन प्रत्येक घरबाट अनिवार्य श्रमदान गरायौँ । दुई जना शिक्षकको व्यवस्था गरेका थियौँ । स्कूलको लागि एउटा क्रिश्चियन संस्थाका युवराज विक भन्ने साथीले सहयोग गर्नुभएको थियो । उहाँले संस्थाको तर्फबाट लक्ष्मी परियारलाई एक वर्षको लागि शिक्षिकाको रूपमा पठाउनु भएको थियो । अर्को शिक्षक हामीले नै व्यवस्था गरेका थियौँ । पछि बाढीले स्कूल नै बगाइदियो ।

विद्यालय स्थापनाको यो अभ्यासले बस्तीमा शिक्षा उपलब्ध त गरायो नै साथै बस्तीलाई सांस्कृतिक वैधता पनि दियो ।

बिनापातेको स्थापनाको मुख्य समस्या भनेकै बाढी थियो । बिनापातेले पटक-पटक बाढी बेहोऱ्यो । मान्छेहरूले कहिले-कहिले बाढी आएको थियो प्रस्ट बताउन सक्दैनन् । तर, उनीहरू सँगको कुराकानीबाट थाहा हुन्छ वि.सं.२०६३, २०६५ र २०६७ तिर बस्ती ठूला बाढीको मारमा परेको थियो । बाढीले मानिस नै बगाएको कुनै स्मृति र अभिलेख भने छैन । घर, भाँडाकुँडा, नगद बगाएका कथा भने धेरै छन् । २०६७ को बाढीसम्म आइपुग्दा धेरै मानिसले बस्ती छाडिसकेका थिए । श्याम तुलाचनका अनुसार त्यति बेला भीम केसी सहित १३ घरमात्र बसिरहेका थिए । अरू सबैले ठाउँ छाडेर पुनः डेरामा वा अन्त बसाइँ सरेका थिए ।

२०६८ सालपछि बस्तीको पुनः बसोबास शुरू भयो । तुलाचन व्याख्या गर्छन् :

> वि.सं. २०६७/६८ तिर धेरै छिन्नभिन्न भए । जम्मा १३ (अध्यक्ष भीम केसी सहित) घरमात्र बाँकी थिए । अब बस्ती हुन्न । यहाँ बस्न मिल्दैन भन्ने मनसाय थियो । अनि हामीले भन्यौँ, 'बस्ने हो भने संघर्ष गर्नुपऱ्यो । बरु श्रमदान गरौँ । बचे बचिन्छ नत्र भाग्यमा रहेनछ जाम्ला ।' २०६८ मंसिरपछि हामीले नयाँ अभियान शुरू गऱ्यौँ । एउटा समिति बनायौँ । भीम केसीकै अध्यक्षता र म सचिव रहेको समिति बन्यो । हात्तीसुँड र पवित्रनगरका साथीहरूसँग मिलेर काम गरौँ भन्ने प्रस्ताव गऱ्यौँ । हात्तीसुँडको साथीहरू तीव्र व्यवस्थापनमा हुनुहुन्थ्यो । उहाँहरूले पैसाको व्यवस्थापन गर्ने हुनुभयो र हामीले श्रमदान गर्ने भयौँ । अनि हामीले बिनापातेमा घडेरी भएका तर भागेका साथीहरूलाई भन्यौँ, 'कि तपाईंहरू आएर बस्नुस् होइन भने हामीले यो अरूलाई दिन्छौँ र त्यस बराबरको पैसा लिन्छौँ र तटबन्धमा हाल्छौँ ।' कोही आउनुभयो । कोही आउनुभएन । त्यस पछिका तीन वर्षसम्म (वि.सं. २०६८, २०६९ र २०७०) कसलाई राख्ने, कसलाई नराख्ने भन्ने छनोट गर्ने काम भयो । यो छनोट गर्न के गऱ्यौँ भने नयाँ आउने मानिसलाई निश्चित पैसा दिए मात्र पाउनुहुनेछ भन्यौँ । समितिले घडेरीको मूल्य तोक्यो । चार धुर घडेरीको मूल्य पाँच हजार । तर एकरूपता थिएन । कसैको बढी र कसैको कम थियो ।

यसरी प्राप्त गरिएको घडेरी बेचबिखन पनि हुनथाल्यो । एकातर्फ बस्तीले कानूनी वैधता प्राप्त गरेको थिएन । अर्थात् जमिनले लालपुर्जा प्राप्त गर्ने, त्यस मार्फत बेचबिखन, धितो, हस्तान्तरण हुने थिएन । अर्कोतर्फ, बेचबिखनको प्रचलन शुरू भइसकेको थियो । समितिले बेचबिखनको तथ्यांक राख्थ्यो । यसरी बस्तीले आर्थिक वैधता हासिल गर्दै गयो ।

नयाँ समितिले बस्तीको सुरक्षालाई पहिलो प्राथमिकता दियो । श्याम तुलाचनका अनुसार खोला किनारमा बाँध बाध्न थालियो । त्यसको लागि श्रमदान गराइयो जसलाई झारा (प्रतिघर एक जना श्रममा जानैपर्ने बाध्यकारी व्यवस्था) भनिन्छ । स्थानीय प्रयाससँगै नेपाल सरकारद्वारा सञ्चालित "जनताको तटबन्ध" कार्यक्रमबाट ठक्करहरू निर्माणको लागि सहयोग प्राप्त भयो । तटबन्ध निर्माणको कार्य पछिसम्म जारी रहेको देखिन्छ । फागुन २२, २०७३ मा समितिको बैठकले बस्तीको उत्तरी क्षेत्रमा जाली बिछयाउने निर्णय गरेको माइन्युटमा उल्लेख छ ।

बस्तीको पुनःस्थापनापछि समितिले पानी, विद्युत र सडकलाई जोड दिएको तर त्यसको लागि केही वर्ष लागेको देखिन्छ । समितिको पुस ६, २०७३ मा बसेको बैठकमा खानेपानीको पाइप लाइन विस्तार गर्ने निर्णय गरेको माइन्युटमा उल्लेख छ । तर पानी उपलब्ध गराउने प्रयास २०७२ सालदेखि नै भएको सचिव श्याम तुलाचन बताउँछन् । उनी भन्छन् :

> खानेपानी संस्थानले यस क्षेत्रमा खानेपानीको माग पूरा गर्न बोरिङ गाड्ने योजना बनायो । त्यति बेला माझगाउँ, पवित्रनगर, हात्तीसुँड र बिनापातेमध्ये कहाँ गाड्ने ठाउँ चाहियो भन्ने कुरा आयो । ठाउँ दिन हामी तयार थियौँ तर बाढीको जोखिमका कारण माझगाउँमा राखियो । बोरिङ गाड्दा गाड्दै पवित्रनगरमा पीच भयो । यहाँ पानी ल्याउन पीच फोड्नुपर्ने । भर्खरै गरेको पीच फोड्न पवित्रनगरका साथीहरू मान्नुभएन । अनि हामीले हात्तीसुँडबाट पानी ल्याएको हो । त्यहाँ चार इञ्ची पानी गएको छ हामीले दुई इञ्ची ल्याएका छौँ । हामीले पानी खान थालेको तीन वर्ष भयो । २०७२ सालदेखि आएको हो । अहिले हरेकको घरमा खानेपानीको मिटर छ ।

खानेपानी पाइपलाइनको विस्तारको क्रम भने आ.व. २०७४/७५ सम्मै चालु भएको देखिन्छ । आ.व. २०७४/७५ मा "खानेपानी पाइप लाइन विस्तार" योजना अन्तर्गत नगरपालिका र स्थानीय उपभोक्ताको क्रमशः ४० र ६० प्रतिशत लगानीमा जेठ ३१, २०७५ मा सम्पन्न भएको बुटवल उपमहानगरपालिकाले प्रदान गरेको कार्यसम्पादन प्रमाणपत्रमा उल्लेख छ ।

खानेपानीको व्यवस्था भएको एक वर्षपछि विद्युत जडान शुरू भयो । वडाले सिफारिस दिएपछि विद्युत प्राधिकरणले जडान गरिदिएको तुलाचन बताउँछन् । विद्युत जडानको लागि समितिले २० थान पोल किन्ने निर्णय गरेको फागुन २२, २०७३ को बैठकको माइन्युटमा उल्लेख छ ।

खानेपानी र विद्युतको व्यवस्थापछि सडक निर्माणलाई जोड दिएको देखिन्छ । बस्तीका मुख्य सडक र सहायक गल्ली छन् । बस्ती निश्चित ज्यामितीय आकारमा बसेको छैन । त्यसैले कुन सडक र गल्लीलाई प्राथमिकता दिने भन्ने समस्या छ । तथापि बस्तीको मुख्य सडकमा कालोपत्रे गर्ने योजना पारित भइसकेको छ । आ.व. २०७५–२०७६ को बजेट अन्तर्गत बुटवल उपमनपाको १५ लाख र उपभोक्ता समितिको दुई लाख ३३ हजारको लगानीमा बस्तीको मुख्य सडक कालोपत्रे भयो । बस्तीको दक्षिणी भागमा रहेको डम्पिङ साइटले नगरपालिका सँगको समझदारीमा उल्लेखनीय भूमिका खेलेको छ । सडक निर्माणको लागि बुटवल उपमनपाको लगानी डम्पिङ साइटले पारेको नकारात्मक असरको क्षतिपूर्ति हो ।

बस्तीको पुनःस्थापनापछि द्रूत गतिमा पूर्वाधार निर्माण भएको देखिन्छ । बस्तीको सबैभन्दा ठूलो चुनौती बाढी थियो । तटबन्ध निर्माणसँगै जोखिम कम भएको छ । नदीसँग सम्बन्धित पदार्थ (ढुंगा, बालुवा र गिट्टी) को अत्यधिक उत्खनन्ले गर्दा नदीको गहिराई बढेको छ । बहाव क्षेत्र पूर्वतर्फ सर्दै गएकाले पनि तुलनात्मक रूपमा बाढीको जोखिम नभएको सचिव तुलाचन बताउँछन् । यसरी स्थानीय तहको लगानीसँगै बस्तीको राजनीतिक वैधता बलियो हुँदै गयो । स्थानीय सरकारले उपलब्ध गराउने अत्यावश्यक सुविधाले अनौपचारिक बस्तीलाई सामाजिक वैधता प्रदान गर्छ (श्रेष्ठ र अरू सन् २०१४ : १४) । बिनापातेले पनि राजनीतिक, सांस्कृतिक र आर्थिक वैधतासँगै सामाजिक वैधता हासिल गऱ्यो ।

## *कानूनी वैधताको प्रतिक्षा*

बिनापाते अनेकौँ चुनौतीसँग जुधेर स्थायित्व र वैधानिकतातर्फ लम्केको छ । बस्तीले कानूनी वैधता पाउने नपाउने निश्चित छैन । तथापि उपमहानगरपालिकाको लगानी बढ्नुले कानूनी वैधतातर्फ पनि लम्केको संकेत गर्दछ । बिनापाते र यस्तै सुकुमबासी बस्तीबारे उपमहानगरपालिकाले योजना बनाइरहेको बारे उपमहानगरपालिका कार्यपालिका सदस्य तथा वडा नं. ११ का अध्यक्ष रामचन्द्र क्षेत्री भन्छन्, "उपमहानगरपालिकाले सबै अव्यवस्थित बस्तीको तथ्यांक संकलन गरिसकेको छ । नदीको रेडलाइन तयार गर्ने र नदी किनारका अव्यवस्थित बस्ती कसरी व्यवस्थापन गर्ने भन्नेबारे विचार गरिरहेको छ ।"[८]

चैत २०७४ देखि यस्ता सबै सुकुमबासी बस्तीमा जमिन किनबेचमा औपचारिक रोक लागेको छ । जमिन किनबेचमा महत्त्वपूर्ण भूमिका खेल्ने बस्तीका समितिहरू विघटन गरिएका छन् र त्यसको ठाउँमा टोल विकास संस्था गठन गरिएका छन् । बिनापातेको पुरानो तिनाउ नगर विकास समिति विघटन भएर "सत्यवती टोल विकास संस्था" चैत ३०, २०७४ मा गठन भयो । नवगठित समितिलाई बुटवल उपमहानगरपालिकाले जेठ २०, २०७५ मा दर्ताको प्रमाणपत्र दिएको छ । नवगठित संस्थाका पदाधिकारीहरूमा पुरानो

[८] क्षेत्रीसँग वडा कार्यालयमा माघ १८, २०७५ मा गरिएको कुराकानी ।

विकास समितिका व्यक्तिहरू नै दोहोरिएका छन् । समितिको गठन उपमहानगरपालिकाको प्रतिनिधिको उपस्थितिमा टोल भेलाको सर्वसम्मतिले भएको सचिव तुलाचन बताउँछन् ।

## बसाइँको गतिशीलता

सुकुमबासी बस्तीको स्थापनादेखि स्थायित्वको यात्रामा अनेक उतारचढाव हुन्छ । हुन त अन्य बस्तीमा पनि उतारचढाव हुन्छन् तर सुकुमबासी बस्तीको चरित्र अन्य बस्तीको तुलनामा बढी कमजोर हुन्छ । एकातर्फ स्थापनादेखि स्थायित्व सम्मका अनेक चुनौतीसँग जुध्नुपर्ने हुन्छ र अर्कोतर्फ अनेक राजनीतिक-आर्थिक सन्दर्भले पनि उतारचढावको निर्माण गरेका हुन्छन् ।

बिनापातेको स्थापनामा छेउछाउका बस्तीमा बस्ने ज्यालादारी मजदुरको उल्लेखनीय भूमिका रहेको प्रस्ट देखिन्छ । तर, सुकुमबासी बस्तीको आम चरित्र हो शुरूआती चरणका मानिस विस्थापित हुँदै जानु र नवप्रवेशीको भूमिका बढ्दै जानु । यसको पछाडि शुरूआतमा बस्ने मानिसहरूमा आर्थिक, राजनीतिक तथा सामाजिक पूँजीको कमी भएको लालबहादुर दर्जी लगायतको अनुभवले प्रस्ट पार्छ । यही नियति बिनापातेमा पनि दोहोरिएको छ । बिनापातेमा बसोबास गर्ने मानिसलाई तीन चरणमा वर्गीकरण गर्न सकिन्छ :

१) शुरूआती बासिन्दा
२) बाढीका कारण २०६८ पछि पुनःस्थापित
३) पछि बस्तीमा घडेरी किनेर बसेका

पहिलो खालका मान्छेहरू शुरूआतमा जग्गा रोकेपछि कहिल्यै पनि बस्ती नछाडेका मानिसहरू हुन् । घर बाढीले बगाए पनि उनीहरू बस्तीको अर्को भागमा पुनः बसोबास गरिरहे, तर बस्ती छाडेनन् । यस्ता मानिस निकै कम छन् । तुलाचनका अनुसार २०६७ सालको बाढीपछि यसरी बस्नेहरू जम्मा १३ परिवार मात्र थिए । शुरूआती चरणमा ३८५ जति कुरिया भएको बस्ती २०६७ सालमा आइपुग्दा १३ मा खुम्चेको थियो । धेरैजसो मानिस बाढीकै कारण बस्तीबाट विस्थापित भएका थिए ।

विस्थापितमध्ये केही बस्ती वरिपरिकै भागमा पुनः डेरा लिएर बसेका थिए । सचिव श्याम तुलाचनका अनुसार २०६८ सालतिर बस्ती पुनःस्थापनाको लहर शुरू भएसँगै केही मानिस फर्किए । फर्किएका मानिसहरूले तटबन्धका लागि श्रमदान गर्नुपर्थ्यो साथै केही पैसा पनि दिनुपर्थ्यो । तर सबै विस्थापित मानिस फर्किएनन् । यसरी नफर्कनुमा बाढीको पुनः सम्भावनाको भय मात्र थिएन, समितिकै नीति पनि एउटा उल्लेखनीय कारण थियो ।

झारा तिर्न नसकेकै कारण कैयौँ पुराना मानिस पुनःस्थापित हुन नसकेको देवकुमारी परियार बताउँछिन् । उनी भन्छिन्, "समितिमा दाम कमाउने मानिसहरू बलिया भए । बाढीपछि फेरि जाँदा कसैसँग सत्तरी हजार त, कसैसँग लाख मागियो । पैसा दिन नसकेपछि धेरैले छाडे । यसरी बस्ती छोड्नेहरूमा दलितहरू धेरै थिए ।"

परियार र उनका श्रीमान् लालबहादुर दर्जी बस्तीका संस्थापक भए तापनि अहिले बस्तीमा छैनन् । २०६७ सम्म बस्तीमै भएका उनीहरू बाढीले घर लगिदिएपछि नजिकै पवित्रनगरमा डेरामा बसे । २०६२ मा समिति परिवर्तनसँगै नयाँ समितिसँग दर्जी परिवारको कुरा नमिलेको उनीहरूको भनाइमा झल्किन्छ । बस्तीमा दर्जी परिवारको विस्थापनबारे शुरूआती चरणका मानिसहरूको फरक-फरक धारणा छ । धनबहादुर परियार वर्तमान समितिकै कारण दर्जी परिवार विस्थापित भएको बताउँछन् । परियार परिवार भने पुनःस्थापित हुन चाहे पनि अहिलेको समितिले झाराको कारण बनाएर नदिएको बताउँछन् । पुनःस्थापित हुन खोज्दा नमिठा वचन लगाएका कारण नफर्केको देवकुमारी परियार बताउँछिन् ।

मानवीय व्यवहारको क्रममा हुने खटपट, सामान्य असहमतिको व्यवस्थापन गर्न नसक्नु र ईर्ष्याभावले पनि बस्ती छोडिएको देखिन्छ । बस्ती स्थापनाको शुरूआतमा महत्त्वपूर्ण भूमिका खेलेका दुर्गाबहादुर विक अहिले बुटवलबाट लगभग ३० किमी पश्चिम कञ्चन गाउँपालिका वार्ड नं. १, सानी उकालीमा बस्छन् । बुटवल छँदा दिनभर मजदुरी गर्थे । उनले बुटवलको चाँदबारीमा आफ्नो परम्परागत आरनको पेशा पनि चलाएका थिए । तर उनी समितिमा भएको तनावको कारण बस्ती छाडे । बस्ती छोड्नुपर्ने कारणबारे विक भन्छन्, "समितिको कामले यताउता हिँडिरहनुपर्ने पैसा पनि धेरै खर्च हुने । तर अपजस खाइरहनुपर्ने भयो । २०६३ सालको आन्दोलनपछि अरू साथीहरू हावी हुन थाल्नुभयो । पटक-पटक झगडा पनि भयो । यसरी सधैँ तनावमा बस्नुभन्दा छोड्नु ठीक भनेर फागुन २०६३ तिर म यहाँ आएँ ।"

वि.सं. २०६८ मा बस्तीको पुनःस्थापनासँगै पूर्वाधारको निर्माणले बिनापातेमा जमिन किन्नेको संख्या बढ्यो । यो अध्ययनको क्रममा बस्तीमा अवस्थित १६५ घरको दुई तिहाई अर्थात् ११० घरमा गरिएको सर्वेक्षण अनुसार जमिन रोक्ने घर जम्मा ४७ र पछि घडेरी किन्ने संख्या ६३ पाइयो । यसले पनि शुरूआतमा रोक्नेको संख्या विस्थापित भएको संकेत गर्छ । त्यस्तै, स्थायित्व र सामाजिक वैधतासँगै बस्तीतर्फ आकर्षण बढेको संकेत गर्छ ।

## सुरक्षादाताको रूपमा बस्ती

"प्लेस" निर्माणको महत्त्वपूर्ण पाटो सुरक्षा हो । "स्पेस" ले सुरक्षा प्रदान गर्न थालेपछि त्यो प्लेसमा परिणत हुँदै जान्छ । मानिसले जीवनको स्थायित्वको लागि आइपर्ने चुनौतीको

सामनाको रूपमा सुरक्षालाई अनुभूत गर्छ । प्लेसले सुरक्षाको अनुभूति दिन्छ । मान्छेको भाग्य निर्माणमा प्लेसको भूमिका हुन्छ (जियाङमिन र अरू सन् २०१३ : १४) ।

मानिसले समाजमा शान्ति र अमनचयनसँग बाँच्न पाउनुलाई नै सुरक्षाको रूपमा लिइन्छ । तर सुरक्षाको अर्थ यतिमात्र हुँदैन । व्यक्तिले आफ्नो प्रगतिको लागि हिंसात्मक वा अहिंसात्मक चुनौतीबाट जोगिन सक्नु नै सुरक्षा हो । सुरक्षाका चार आयाम हुन्छन्— व्यक्तिगत, सार्वजनिक, सांस्कृतिक र भू-राजनीतिक (मुनारिज सन् २०१३ : ५–१४) । यहाँ चर्चा गर्न खोजिएको चाहिँ सुरक्षाको व्यक्तिगत आयाम हो । त्यस्तै, हिंसात्मकभन्दा पनि सामाजिक चुनौतीको समाधानमा बस्ती कसरी सहयोगी बन्छ र प्लेसको निर्माण हुन्छ भन्ने अध्ययनको चासोको क्षेत्र हो ।

### *आवास चुनौतीको सामना*

बिनापातेले आवासको समस्या समाधान गरी पहिलेदेखि नै शहरमा बसेकालाई भाडावालबाट आफ्नै स्वामित्वको जमिनको मालिक बनाउन भूमिका खेलेको छ । यो जमिन कानूनी हिसाबले अवैध भए पनि सम्पत्तिको अनुभूति गराउन र सकंटको बेलामा उपयोग गर्न सहयोगी भएको छ । बिनापातेले कसरी आवासको चुनौती समाधान गऱ्यो भन्नेबारे केही बासिन्दाको अनुभव यस्तो छ —

१. टिनले छाएको, इँटाले बनाएको अर्धपक्की घरमा बस्ने ७० वर्षे बद्रीकुमारी नेपालीले जीवनका अनेक उतारचढाव व्यहोरेकी छन् । पुर्ख्यौली पाल्पा जब्कादेवी घर भएकी नेपाली ३० वर्षको उमेरमा श्रीमान्को मृत्यु भएपछि संकटमा धकेलिएकी थिइन् । श्रीमान्को मृत्युपछि घरमा देवरहरूको व्यवहार राम्रो नभएका कारण उनी २०५४ सालमा बुटवल आइन् । बुटवलमा दैनिक ज्यालादारी मजदुरी गरेर आफ्ना छोरा र छोरीलाई हुर्काइन् । अनेक ठाउँमा भाडामा बस्दै जीवन निर्वाह गरेकी नेपालीले अहिले आफ्नै घर पाएकी छन् ।

बुटवल आगमनदेखि बिनापातेको बसाइँबारे बद्रीकुमारी भन्छिन्, “म शुरूमा यहाँ आएर दिपनगरमा बसेँ । आएको रात त्यहाँ एकजना मगर्नी बज्यैकोमा बसेँ दुइटा छोराछोरी लिएर । भोलीपल्ट उठेर कोठा खोज्न गएँ । कोठा खोजेपछि खाना खाएर बजार गरेँ । पर्सीपल्टबाट लेबर काम थालेँ । आउँदा ७४० रुपैयाँ बोकेर आएको थिएँ । त्यति बेला कोठाको भाडा १५० थियो । पाँच वर्ष बसेँ दिपनगर । त्यसपछि बेसक्याम्प, त्यसपछि फेरि दिपनगरकै अर्को ठाउँमा बसेँ । त्यसपछि ठूटीपीपल गएँ । त्यहाँ ६ महिना बसेँ । के गर्ने दुःखले गर्दा कहाँ कहाँ पुग्नुपर्ने ! त्यसपछि अलि समय आदर्शनगर बसेँ । त्यहाँबाट छोडेर फूलबारीमा बसे । त्यसै बेला यहाँ जग्गा खुलेको साथीहरूले थाहा दिए । थाहा पाउने बित्तिकै भदौ ८, २०६० मा बाँस लिएर आएर रोकेँ ।”

२. ५० वर्षीय रेशबहादुर विक २० वर्ष पहिले पाल्पाको रिङ्गीरहबाट बुटवल आएका थिए। गाउँमा दैनिक ज्याला मजदुरी गर्ने रेशबहादुर कामको खोजीकै क्रममा दिल्ली पुगे। त्यहाँ केही महिना चौकीदारी काम गरेर फर्केका उनी गाउँमा रानामामा भनेर चिनिने साथीसँग बुटवल आए। शुरूआतमा उनले औद्योगिक क्षेत्रमा काम गरे। पछि रिक्साचालक भए। पटक-पटक डेरा सर्नुपर्दा दिक्क भएका रेशबहादुरले २०६० सालतिर बिनापातेमा बस्ती खुलेको छ भन्ने थाहा पाएपछि जमिन रोक्न आए। मध्यरातमा दुई महिनाको भाडा नतिरी डेराबाट भागेका रेशबहादुर अहिले आफ्नो अर्धपक्की घरको मालिक बन्न पाएकोमा खुशी देखिन्छन्। शुरूमा रोकेको घडेरी बेचेर उनले बिनापातेमै कम मूल्यका अन्य दुई घडेरी किने। तीमध्ये एउटा घडेरी बेचेर ढाई लाख खर्च गरी जेठा छोरालाई बहराइन पठाएका छन्। सबै छोराछोरीको बिहे भइसकेको छ। उनी अहिले पनि मिस्त्री काम गर्छन्। बिनापातेले उनलाई घरको मालिक बनायो, छोरालाई वैदेशिक रोजगारमा जान सहयोग गऱ्यो र छोरीहरूको बिहे गरिदियो। उनी अब गाउँ सम्झन पनि चाहन्नन्, भन्छन्, “गाउँमा भएको भए त भीख मागेर खान पर्थ्यो। गाउँमा के छ र ? त्यहाँ त पाती मात्र पला’छ।”

३. मकै पोलेर जीविका चलाउने बेलबहादुर विकको पूर्व बासस्थान नवलपरासी हो। त्यहाँ पनि सुकुमबासी बस्तीमै बस्ने गरेका बेलबहादुरले उपचारका लागि ऋण लिएका थिए। त्यहाँको जमिन बेचेर ऋण चुक्ता गर्दै उनी बुटवल आएका थिए। त्यति बेला उनी घरवारविहीन थिए। उनको लागि भर्खरै खुलेको बिनापाते आश्रयस्थल बन्यो।

आफ्नै जमिनको उपलब्धता बाहेक सस्ता डेराका माध्यमबाट पनि सुकुमबासीले आवासको चुनौती सामना गर्न सहयोग पुऱ्याएको छ। ११० घरका ११७ घरधुरीको सर्वेक्षण गर्दा ८० घरधुरीले आफ्नै घर भोगचलन गरेको र ३७ घरधुरी भाडामा बसेको पाइयो। गैरसुकुमबासी बस्तीभन्दा तुलनात्मक रूपले सुकुमबासी बस्तीको भाडा सस्तो हुनाले पनि न्यून आयका मानिसलाई बस्ती उपयुक्त आवास थलो बनेको छ।

## *आर्थिक चुनौतीको सामना*

सुकुमबासी बस्तीको अर्को चरित्र हो—सहज किनबेच। कानूनी वैधताबिना पनि आर्थिक वैधता प्राप्त भएको सुकुमबासी जमिनको सजिलै बिक्री हुन्छ। सरकारी कागजात, प्रक्रियाको आवश्यकता नपर्ने र रैकर जमिनभन्दा धेरै गुणा सस्तो हुनाले पनि सुकुमबासी बस्तीमा किनबेचको गति तीव्र हुन्छ। सहज बेचबिखनले आर्थिक कठिनाइबाट उम्कन सजिलो गराएका केही उदाहरण छन् :

१. मिस्त्री काम गर्ने २१ वर्षीय समीर अछामीका बुबा चितवनका हुन् । चप्पल कारखानामा काम गर्न उनका बुबा बुटवल आएका थिए । बुबाले यतै बिहे गरे । उनीहरू होराइजन चोकमा भाडामा बस्थे । हात्तीसुँडमा बस्ती खुलेको थाहा पाएपछि जमिन रोके । समीर १३ वर्षका हुँदा उनकी आमाको मृत्यु भयो । त्यसको तीन वर्षपछि बुबाको मृत्यु भयो । समीरका एउटा भाइ पनि छन् । दुई भाइको लागि हात्तीसुँडको जमिन अपुग थियो । तर त्यसको मूल्य बिनापातेको भन्दा धेरै थियो । उनले हात्तीसुँडको जमिन बेचे र बिनापातेमा दुई ओटा घडेरी किने । त्यही पैसाले दुई भाइको लागि बेग्ला-बेग्लै घर बनाए । जमिन किनबेचको सहजताले उनलाई आर्थिक कठिनाइबाट उम्कन सजिलो भएको छ ।

२. ४६ वर्षे हिराबहादुर प्यारालाइसिसबाट पीडित भए । अकस्मात आइपरेको अप्ठ्यारोबाट पार पाउन उनलाई बिनापातेले मद्दत गर्‍यो । उनी सानै छँदा उनका बुबाको पुस्ता बुटवल आएका थियो । उनीहरूले बुटवलमै जमिन किनेका थिए । पछि अंशबण्डाको क्रममा जमिन टुक्रियो । खोला छेउमा गिट्टी ढुंगा संकलन गर्ने काम गर्ने हिराबहादुर कहिलेकाहीँ बम्बई पनि जान्थे । त्यही क्रममा उनी लागुपदार्थ दुर्व्यसनी बने । तर समयमै पुनःस्थापना केन्द्रको सम्पर्क हुनाले उनी दुर्व्यसनको विकराल अवस्थामा फँसेनन् । पछि उनी त्यही पुनःस्थापना केन्द्रमा साथी शिक्षकको रूपमा काम गरे । सात महिनाअघि प्यारालाइसिस भएपछि उनलाई आर्थिक संकट पर्‍यो । आर्थिक संकटबाट उम्कन उनलाई बिनापातेको जग्गाले मद्दत गर्‍यो । अन्य कुनै सम्पत्ति पनि नभएका र बचत पनि नभएका हिराबहादुरले आफ्नो घडेरी साढे सात लाखमा बेचे । डेढ लाख उपचारमा खर्च भयो भने बचेको पैसाले बिनापातेमै पहिलेभन्दा कम क्षेत्रफलको घडेरी किनेर घर बनाए । सरल र सहज बिक्रीको वातावरण र पुनः जमिन प्राप्तिको सम्भावनाका कारण हिराबहादुर रोगको संकटलाई सामना गर्न सक्षम भए । यसरी बिनापाते आश्रयस्थलमात्र बनेन, संकटबाट उम्कने माध्यम पनि बन्यो ।

जमिनको बेचबिखन बाहेक थप सम्पत्ति आर्जनको अर्थमा पनि सुकुमबासी बस्तीले आर्थिक कठिनाइ सामना गर्न सहयोग गर्छ । थप जमिन आर्जन गरी आर्थिक पूँजी विस्तार गरेका केही उदाहरण उल्लेखनीय छन् :

१. ६४ वर्षीय वीरबहादुरको मूल घर गोरखा थियो । गोरखाबाट उनका पुर्खा चितवन आए । त्यसपछि नवलपुर आए । नवलपुरबाट बर्दघाट आए । २०१९ सालमा पुनर्वासको नाममा उनका बुबाआमा यसरी बसाइँ सर्दैसर्दै आएका थिए । बर्दघाटमा उनीहरूको एक कट्ठा जमिन छ । उनीहरू तीन दाजुभाइ हुन् । त्यो एक कट्ठा जमिनले तीन भाइलाई पुग्न नसक्ने भएपछि उनी थप अवसरको खोजीमा बुटवल आए । उनलाई बुटवल ल्याउने काम उनका साथीले

गरेका हुन् । साथीहरूले "बुटवलमा सुकुमबासी खुलेको छ जाउँ र रोकौँ" भनेकाले उनी यहाँ आए । सुकुमबासी बस्तीले उनलाई निकट भूमिहीनताको कारणले उत्पन्न हुने गरिबीबाट मुक्त हुन केही सहयोग गऱ्यो ।

२. ५४ वर्षीय धनबहादुर परियारको पुख्र्यौली घर तनहुँ हो । तनहुँमा उनी अधियाँमा खेती गर्ने, समय-समयमा बाजा बजाउने काम गर्थे । तीन छोरा र उनीहरूका श्रीमती, बालबच्चा पाल्न पहाडको अधियाँमा गर्ने गुजारामुखी खेतीले पुग्दैनथ्यो । पहाडमा कठिनाइ भएपछि उनी बुटवल आए । यहाँ मझुवामा जमिन रोके तर त्यो जमिन निकै कम थियो । बिनापातेमा बस्ती खुलेपछि उनी अलि धेरै जमिन रोक्न पाउने हुनाले मझुवा छाडेर यता आए । सुकुमबासी बस्तीको जमिन प्राप्तिको यो सहजताले उनले जीवनमा थप सुरक्षानुभूति गरे ।

बिनापाते बस्तीले ज्यालादारी श्रममा निर्भर भएका मानिसहरूको लागि आवासको सुविधा उपलब्ध गरायो । त्यस्तै, सहज बेचबिखन र जमिन विस्तारको माध्यमबाट रोगव्याधी सहित आउने आर्थिक कठिनाइ सामना गर्न बस्ती माध्यम बन्यो । आवासको सुविधाले जीवनलाई स्थायित्वतर्फ लग्यो । बस्तीले अनेक प्राकृतिक र मानवीय चुनौती सामना गर्दै स्थायित्व ग्रहण गऱ्यो । बस्तीको स्थायित्वसँगै जीवन प्रतिको सुरक्षा बढ्न थाल्यो । बस्तीले सुरक्षाको अनुभूति दिलायो ।

## बस्ती : शहरसँग अन्तरक्रियाको थलो

बस्तीले शहरसँग अन्तरक्रिया गर्ने अवसर पनि प्रदान गरेको छ । शहरलाई श्रमको आवश्यकता हुन्छ भने मजदुरलाई श्रम बिक्री गर्ने बजारको । श्रम र बजारको अन्तरक्रियाको लागि मानिस अडिने आश्रयस्थलको आवश्यकता हुन्छ । त्यस्तो थलो बन्छन् शहरको बीच-बीचमा निर्माण भएका सुकुमबासी बस्ती । सुकुमबासी बस्ती शहरबाट धेरै टाढा हुँदैनन् । यी शहरका छेउछाउ वा बीचकै खाली भागमा स्थापित भएका हुन्छन् । बिनापाते पनि शहर सँगको अन्तरक्रियाको थलो बनेको छ ।

सुकुमबासी बस्तीले स्थायित्व ग्रहण गर्न थालेपछि यो शहर प्रवेश गर्ने धेरै नवप्रवेशीको लागि उपयुक्त थलो बन्न थाल्छ । ग्रामीण क्षेत्रबाट शहर आउने न्यून पूँजी भएका मानिसको लागि यो छनोटको स्थान हो । केही वर्षको इतिहास, विद्युत, पानी, सडक जस्ता पूर्वाधारको उपलब्धताका कारण शहरमा बस्ने र शहरिया बन्ने अवसर प्राप्त हुन्छ ।

पेशा, व्यवसाय र ज्यालादारी मजदुरी मार्फत शहरसँग अन्तरक्रिया हुन्छ । ११० घरधुरीमा गरिएको सर्वेक्षणमा ती घरधुरीमा उपलब्ध श्रमशक्तिले विभिन्न पेशा अँगालेको पाइयो ।

तालिका १ ले सुकुमबासी बस्तीमा ज्यालादारी मजदुरको संख्या अधिक हुने प्रस्ट पार्दछ । त्यसपछि पसल, सिलाइकटाइ, ठेकेदारी, इलेक्ट्रिसियन, प्लम्बिङ, रिक्सा व्यवसायी जस्ता स्वव्यवसाय छन् । त्यस पछिका व्यवसायमा निकै अन्तर देखिन्छ ।

**तालिका १: पेशाको प्रकृति अनुसार श्रमशक्ति**

| पेशाको प्रकृति | संख्या |
|---|---|
| ज्यालादारी मजदुरी | ९५ |
| स्वव्यवसाय (न्यून पूँजीको पसल, सिलाइकटाइ, ठेकेदार, इलेक्ट्रिसियन, प्लम्बिङ, रिक्सा व्यवसायी) | ५९ |
| सेवा (शिक्षण, पसल तथा रेष्टुरेण्टमा कामदार) | १६ |
| जागिर (निजामती, प्रहरी, गैरसरकारी) | ८ |
| ड्राइभिङ | ११ |
| वैदेशिक रोजगार | ११ |
| **जम्मा** | **२००** |

## बस्ती : शहरिया पहिचान निर्माणको थलो

पहिचान सामाजिक विज्ञानमा निकै जटिल शब्दावलीको रूपमा लिइन्छ । तर सामान्यतया पहिचानले व्यक्ति वा समूहले आफूलाई कसरी अभिव्यक्त गर्छ भन्ने बताउँछ (गोलुबोभिच सन् २०१० : २५) । व्यक्ति वा समूहको आफैप्रतिको धारणा विभिन्न सामाजिक-आर्थिक-सांस्कृतिक प्रक्रिया मार्फत निर्मित हुन्छ । व्यक्ति वा समूहले भनाइ, गतिविधि वा संकेतका माध्यमबाट आफ्नो पहिचान अभिव्यक्त गर्छन् । शहरिया पहिचानको अर्थ व्यक्तिले आफूलाई शहरको बासिन्दाको रूपमा प्रस्तुत गर्नु हो । व्यक्तिले आफैलाई गाउँले परिचयबाट टाढा राख्दै शहरिया भएको अनुभव गर्नु र त्यसरी नै परिचित गराउनु नै शहरिया पहिचान हो ।

"गाउँका मान्छेहरूले मलाई यो शहरिया हो भन्छन् । गाउँमा मेरो ठूलो नाम छ । यसले प्रगति गरेको छ भन्छन् । म शहरिया नै हुँ नि ।" विगत २५ वर्षदेखि बुटवल बस्दै आएका चन्द्र बानियाँ यसरी आफ्नो शहरी पहिचान व्यक्त गर्छन् ।

चन्द्र २५ वर्षअघि नवलपरासी, सुनवलको मुखियाटोलबाट कामको खोजीमा बुटवल आएका थिए । साथीहरूसँग बुटवल आएका उनी शुरूमा घर निर्माण क्षेत्रमा श्रमिकको रूपमा काम गर्थे । उनको ठेकेदार एकजना नेवार साहू थिए । निर्माण क्षेत्रमा काम थालेको केही महिनापछि नै ठेकेदारले साझेदारीमा बुटवल औद्योगिक क्षेत्रमा प्लाष्टिक कम्पनी

खोले । चन्द्र पनि त्यही उद्योगमा मजदुर बने । उनीहरूलाई उद्योगको आवास गृहमै बस्ने सुविधा थियो ।

१२ वर्ष पहिले उनको र उद्योगका साझेदारबीच झगडा भयो । उनको ठेकेदार साहू उद्योग छाडेर अमेरिका गए । नयाँ व्यवस्थापनले मजदुरहरूलाई क्वार्टरको सुविधा बन्द गरिदियो । उनलाई वासस्थानको समस्या पऱ्यो । संकटको समयमा काम लागे आफूसँगै काम गर्ने बिनापातेका साथी । उनै साथीको माध्यमबाट चन्द्रले बिनापातेमा जमिन किने र घर बनाए । पहिले बनाएको घर खोलाले बगायो । उनी बिनापातेको अर्को भागमा बस्न थाले । जहाँ उनी अहिले पक्की घर निर्माण गरिरहेका छन् । गाउँमा अहिले चार कट्ठा खेत भएका चन्द्र शहर छाड्न चाहँदैनन् । बिनापातेले उनलाई आवास सुविधामात्र दिएन शहरिया परिचय पनि दियो । चन्द्र भन्छन्, "मलाई शहरिया बनाएको यही बिनापातेले हो ।"

बिनापाते मार्फत शहरिया पहिचान ग्रहण गरेका अर्का उदाहरण अर्जुन चौधरी हुन् । २५ वर्षअघि कपिलवस्तुको हरिहरपुरबाट बुटवलमा आएर ज्यालादारी मजदुरीका अनेक अनौपचारिक क्षेत्रमा काम गरेका चौधरी अहिले मिस्त्री र ठेकेदारी गर्छन् । बिनापातेमा शुरूआतदेखि नै बस्न थालेका चौधरी आफू शहरिया भएको खुशी यसरी व्यक्त गर्छन् ः

> बुटवलमा आएर मैले काम पाएँ । यहीँ रमाएँ । मसँग आएका साथीहरू फर्के तर म यहीँ बसेँ । देहातमा पनि मेरो घर र खेत छ तर म त्यहाँ रमाउन सक्दिनँ । बुटवलमा प्रशस्त काम छ । मलाई त्यहीँ मन पर्छ । गाउँ छोडेर मैले ठीक गरेँ । गाउँमा केही प्रगति गर्न सक्दिनथेँ । यहाँ आएर प्रगति गर्न सकेँ । बिनापातेले मलाई घर दियो । टेक्ने ठाउँ दियो । अब त म पनि शहरिया भएँ नि !

देशको राजनीतिक र सामाजिक परिवर्तनसँगै मानिसमा चेतना विस्तार भयो । शान्ति प्रक्रिया, आमसञ्चारको फैलावट र बजारको विस्तारले शहर आर्थिक गतिविधिका केन्द्र बन्न थाले । फलस्वरूप शहर प्रतिको आकर्षण बढ्न थाल्यो । राजनीतिक परिवर्तनले स्थापित गरेको समावेशी सिद्धान्तले विभिन्न अवसर सिर्जना गऱ्यो । ती अवसरले ग्रामीण भेगका मानिसलाई राजनीतिक र सामाजिक गतिविधिमा सक्रिय बनायो । यो सक्रियताले शिक्षा, स्वास्थ्य, रोजगार प्रतिको आकर्षण बढायो । यो सबैको केन्द्र शहर थियो ।

सीएमए अध्ययन गरेका बुटवलभन्दा लगभग ४० किलोमिटर पश्चिमको गैडहवा गाउँपालिका सूर्यपुराका रामलखन लोध गाउँमै मेडिकल चलाउँथे । साथै माछापालन, केरा खेती र गाईपालन पनि गर्थे । २०६२–२०६३ सालको जनआन्दोलन र मधेस आन्दोलन पश्चात् हरेक संघसंस्थामा समावेशी सिद्धान्त अपनाउन थालियो । त्यही कारण मधेसी मूलको समुदायको तर्फबाट रामलखनले स्कूल व्यवस्थापन समूहको सदस्य, स्थानीय

खोलामा तटबन्ध कार्यक्रममा उपभोक्ता समितिको सदस्य लगायतका अनेक सामाजिक गतिविधिमा सक्रिय हुने अवसर पाए । यी गतिविधिले उनको चेतनाको क्षितिज बढायो । उनले विस्तारै शहर जानुपर्ने आवश्यकता बुझ्न थाले ।

रामलखन भन्छन्, "सामाजिक काम गर्दैगर्दा मलाई गाउँ छोडेर शहरमै जानुपर्छ भन्ने लाग्यो । गाउँमा सूचनाको स्रोत हुँदैन । गाउँमा कुनै किसिमको मिडिया छैन । रोजगार, विकास, सबैको कारण शहर गाउँभन्दा अगाडि बढेको छ । गाउँमा बसेर पछाडि मात्र परिन्छ । मलाई छोराछोरीलाई राम्रो शिक्षा दिन पनि शहर जानुपर्छ भन्ने लाग्न थाल्यो ।"

शहर बसाइ त्यति सजिलो भने थिएन । उनले बुटवलका विभिन्न भागमा जमिन किन्न खोजे । तर उनको आर्थिक क्षमताले भ्याएन । त्यही बेला उनको भेट उनकै गाउँका उखुको जुस बेच्ने मानिसहरूसँग भयो । ती स्वव्यवसायीहरू बिनापातेमा डेरा गरेर बस्थे । रामलखनले उनीहरूको बसाइबारे सोधखोज गर्दा बिनापातेबारे थाहा पाए । त्यहाँ पुगेर बुझ्दा उनले जमिन किन्न सकिने देखे । आफ्नो शहर बस्ने सपना बिनापातेमा पूरा हुने सम्भावना देखे । त्यहीँ जमिन किने र घर बनाए । यसरी उनी श्रीमती, दुई छोरा, एक छोरी, एक भतिज र एक भतिजीसँग बिनापातेमा बस्न थालेको चार वर्ष भएको छ ।

अहिले उनी केराको व्यापार गर्छन् । त्यसको लागि घरमै केरा गोदाम राखेका छन् । उनका दुई छोरामध्ये जेठोले बुटवलकै कालिका मानवज्ञान उच्च मा.वि.बाट १२ कक्षा उत्तीर्ण गरी उच्च शिक्षाको तयारी गरिरहेका छन् भने कान्छा छोराले पनि कालिकामै कक्षा ११ मा विज्ञान विषय पढ्दैछन् । छोरी पनि विज्ञान विषय लिएर ११ कक्षामा अध्ययनरत छिन् ।

बिनापातेले उनलाई शहरसँग अन्तरक्रिया गर्ने अवसर प्रदान गऱ्यो । सुकुमबासी बस्तीहरू शहर सँगको अन्तरक्रियाको लागि उपयुक्त छन् भन्ने उनको विश्वास छ । उनी भन्छन्, "हामी पछाडि परेको कारण सुकुमबासीमा आउन नखोजेकोले हो । बुबाबाजेले सुकुमबासीमा बस्नु उचित हुँदैन भन्ने सोचे जसकारण हामी पछाडि पऱ्यौँ । अब परिवर्तन हुनुपर्छ भन्ने लागेको कारण म शहरमै बस्छु भन्ने अठोट गरे । बिनापातेले मेरो सपना पूरा गरिदियो । मलाई फेरि गाउँ फर्किने सोच छैन । यो ठाउँले मलाई शहरमा बस्ने बास दिएको छ ।"

पहिचानको निर्माण बस्तीले मात्र नभई पेशाले पनि गर्छ । पहिचान सामाजिकीकरणको माध्यमबाट हासिल हुन्छ । सामाजिकीकरणको एउटा माध्यम पेशा हो (गोलुभोभिच सन् २०१० : २९) । पेशाको माध्यमले शहरसँग अन्तरक्रिया हुन्छ जसले शहरिया पहिचान निर्माण हुन्छ । पेशाले पहिचान निर्माण भएको एक उदाहरण तुलसी विक हुन् ।

२४ वर्षकी तुलसी बुटवलको चर्चित बुल्सआई क्याफेमा काम गर्छिन् । पहिला आमासँगै घर निर्माणमा दैनिक ज्यालादारी काम गर्ने तुलसी क्याफेमा काम गर्न थालेपछि आफैलाई परिवर्तित भएको महसुस गर्छिन् । क्याफेले आफूमा धेरै परिवर्तन ल्याइदिएको बताउँछिन्

उनी । क्याफेले उनलाई मानिसहरूसँग बोल्न सिकाएको छ । मान्छेका अनेक रूपरंग पनि चिनाइदिएको छ । क्याफेको आयतनमा उनले शहरको प्रवृत्ति नियालेकी छन् । भन्छिन्, “पहिले अँध्यारोमा बसेर केही कुरा नदेखे जस्तो थिएँ म । यहाँ आएर काम गर्न थालेपछि धेरै कुरा सिकेँ । क्याफेले मलाई शहर सिकायो । संसार देखायो ।”

क्याफेले उनलाई शहर चिनाएको मात्र छैन, संसारको गति पनि महसुस गराएको छ । जिविकोपार्जनसँगै उनले संसार पनि बुझ्दैछिन् । “यहाँ नआएको भए जमाना कहाँ पुगेछ भन्ने पनि थाहा हुन्थेन,” तुलसी भन्छिन् ।

तुलसीको पहिचान क्याफेले निर्माण गरेको हो । उनी बिहान नौ बजेदेखि साँझ आठ बजेसम्म क्याफेमा नै हुन्छिन् । क्याफेमा आउने ग्राहकहरूको व्यवहार ठीक छ । सबैसँग उनी हाँसेर बोल्छिन् । क्याफेमा उनले शहरिया संस्कार सिकेकी छिन् । ग्राहकहरू सँगको अन्तरक्रियाले नयाँ-नयाँ परिवर्तनबारे थाहा पाएकी छिन् । उनी आफूलाई शहरिया भनी चिनाउन कुनै कसर बाँकी राख्दिनन् । शहरसँग उनको लगाव छ । सम्मान छ । शहर प्रतिको उनको बोध र सम्मान यस्तो छ, “म बुटवल शहरसँग खुशी छु । शहरले मलाई अवसर दियो । शहर जति परिवर्तन हुँदै गएको छ त्यति आफैँ परिवर्तन हुँदै गएको छु ।”

तुलसीको पहिचानको निर्माण बस्तीले भन्दा पनि पेशाले गरेको हो । पेशा शहरको उत्पादन हो । शहरसँग अन्तरक्रिया गर्ने अवसर भने बस्तीले प्रदान गरेको हो ।

पेशाका माध्यमबाट शहरसँग अन्तरक्रिया गरेको अर्को उदाहरण हुन्, मीना नेपाली । शहरमा स्थापना हुने अनेक उद्योग, व्यावसायिक केन्द्र, सुपरमार्केट लगायतले रोजगारको सिर्जना गर्छन् । त्यस्ता पेशा शहरसँग अन्तरक्रियाका माध्यम हुन्छन् । मीना नेपाली २०५८ तिर बुटवल आएकी थिइन् । उनको बुटवल आगमनको कारक देशमा भइरहेको युद्ध थियो । उनी श्रीमान्सँग भारतको कानपुरमा बस्थिन् । कपिलवस्तुको चन्द्रौटाभन्दा दक्षिण चार नम्बरतिरका उनका माइतीहरू युद्धको चपेटामा परेर बुटवल आएको थाहा पाएपछि उनी भारतबाट दिदी र आमालाई भेट्न आएकी थिइन् । त्यसै क्रममा बिनापातेमा जमिन खुलेको थाहा पाएर एउटा घडेरी ओगटिन् । छ वर्ष पहिले उनका श्रीमान् सहित सपरिवार बुटवल आए ।

शुरूआतमा मीना मिस्त्री काम गर्थिन् । २०७३ को फागुनमा उनीहरू नवनिर्मित भाटभटेनी सुपरमार्केट नजिकको घर बनाउने काम गर्दै थिए । त्यति बेला भाटभटेनी उद्‌घाटनको तयारीमा थियो । नयाँ कामदारको आवश्यकता थियो । घरका मालिकले उनीहरूलाई भाटभटेनीमा काम पाइन सक्छ भन्ने बताए । त्यसपछि मीना भाटभटेनीको चौकीदारलाई भन्न गइन् । हरेक दिन साहुलाई भेट्न खोजिन् । मीना त्यो घटना यसरी सम्झिन्छिन् :

त्यहाँ काम पाइन्छ भन्ने थाहा पाएपछि गार्डलाई भन्न थालेँ । गार्डले भोलि आउनुस् भने । म जति बेला पनि जान थालेँ । बिहान, दिउँसो, साँझ जति बेला पनि जान थालेँ । तेस्रो दिन गार्डले म्यानेजरसँग कुरा गर्दिए । म्यानेजरले के काम आउँछ भनेर सोधे । मैले पढे-लेखेको त छैन जे दिए पनि गर्छु भनेँ । अनि उनले ल आजैदेखि सरसफाइमा काम गर्नु भने ।

भाटभटेनीमा काम गर्न थालेपछि उनमा निकै परिवर्तन आएको छ । पहिला दिनभर घाममा काम गर्नुपर्थ्यो अहिले एसीमा भित्रै काम गरे पुग्छ । हप्तामा एक दिन बिदा पाइन्छ । बिमाको व्यवस्था छ । सुपरमार्केटमा काम गर्न थालेपछि उनले सामानको किनमेलमा पनि ख्याल गर्न थालेकी छिन् । बैंक मार्फत तलब पाइने हुनाले बैंकमा खाता पनि खोलेकी छिन् ।

बिनापातेले उनलाई आश्रयस्थल दियो र सुपरमार्केटको रोजगारले जीवनको स्थायित्व । त्यो खुशी उनी यसरी व्यक्त गर्छिन् :

हाम्रो पहिलेको हालत देखेको भए कवाडी भन्नुहुन्थ्यो होला । कस्तो थियौँ कस्तो भयौँ । केही थिएन हाम्रो । झुपडीमा बस्थ्यौँ । कति डर थियो । अब त पुर्जा पनि पाइएला । बाटो पनि बन्दैछ । घडेरीको भाउ पनि बढ्दै छ । भारतमा हुँदा त हामीसँग केही थिएन । अहिले त हामीसँग केही त छ । दुःख, बिमार नभए त केही गरम्ला भन्ने आशा छ ।

यसरी बस्तीको माध्यमबाट शहरसँग अन्तरक्रिया गर्दै बिनापातेका बासिन्दाले शहरिया पहिचान ग्रहण गरेका छन् ।

## निष्कर्ष

अनधिकृत र अनौपचारिक भएकाले सुकुमबासी बस्तीलाई हेयको दृष्टिले हेर्ने गरिन्छ । तर, सुकुमबासी बस्ती शहरीकरणकै सह-उत्पादन हो । बसाइँसराइको पृष्ठभूमिमा पूँजीको संकेन्द्रीकरण हुन्छ । पूँजीको वितरण नभइ एकै ठाउँमा पूँजी केन्द्रीकरण हुँदा न्यून पूँजी भएका ठाउँबाट अधिक पूँजी भएका ठाउँमा बसाइँसराइ बढ्छ । पूँजीवादी विकासको यो चरित्रले शहर र गाउँ बीचको असमानता बढाउँछ । पूँजीवादी विकासको चरित्रले नै गाउँबाट शहरतिर श्रमको बहाव बढाउँछ (सुवेदी २०६८ : १५३) ।

सुकुमबासी बस्तीको पछिल्लो फैलिँदो क्रमको कारण जमिनको निरपेक्ष अभाव हो । शहरमा पछि आउने मान्छेको लागि पहिला आउने मान्छेको तुलनामा जमिनको उपलब्धता कम हुन्छ । यसले जमिनको निरपेक्ष अभाव सिर्जना गर्छ । फलस्वरूप मान्छेको आकर्षण प्रयोगमा नआएका खोला किनार, वन-जंगल, सार्वजनिक स्थान, सांस्कृतिक

सम्पदाका क्षेत्रमा जान्छ । यस्ता ठाउँहरूमा सुकुमबासी बस्ती स्थापनाका लागि अर्थ-राजनीतिक परिवेश निर्माण भएको हुनुपर्छ । बुटवलको सन्दर्भमा मुख्य राजनीतिक परिवर्तनको समयमा सुकुमबासी बस्तीको आयतन वृद्धि हुँदै आएको छ । त्यसको कारण सार्वजनिक स्थल र खोला किनारमा नियमन गर्ने राजनीतिक संस्थाहरूमा रिक्तता हुनु हो । अर्कोतर्फ राजनीतिक उद्देश्यले प्रेरित भएर राजनीतिक दलहरूले पृष्ठपोषण गर्नु पनि हो । त्यस्ता परिवेशले मात्र बस्तीले वैधता प्राप्त गर्न सक्छ ।

सुकुमबासी बस्ती स्थापना हुन र स्थायित्व तथा सामाजिक वैधता प्राप्त गर्न अनेकन उतारचढावबाट गुज्रनुपर्छ । यसको आफ्नै विशेष गतिशीलता हुन्छ । अनेकन चुनौतीलाई सामना गर्दै सुकुमबासी बस्तीले स्थायित्व ग्रहण गर्दै स्पेस (स्थान) बाट प्लेस निर्माणको यात्रा तय गर्छ । यो क्रममा श्रमको माध्यमबाट बस्तीले शहरसँग अन्तरक्रिया गर्दछ । अन्ततः यसले आर्थिक, सामाजिक, सांस्कृतिक स्वीकारोक्ति सहितको सामाजिक वैधता प्राप्त गर्छ ।

सामाजिक वैधताप्राप्त सुकुमबासी बस्तीले बासिन्दालाई सुरक्षा, समुदाय र पहिचान दिन्छ । सुकुमबासी बस्तीले एकातर्फ गाउँलेबाट शहरिया बासिन्दा बन्ने प्रक्रियाको लागि स्थान उपलब्ध गराएर र अर्कोतर्फ शहरसँग श्रम आधारित अन्तरक्रियाको लागि सम्भावना उपलब्ध गराएर शहरिया पहिचान निर्माणमा भूमिका खेल्छ । यसरी सुकुमबासी शहरले जन्माएको शहरसँग अन्तरक्रियाको माध्यम बनिरहेको छ ।

सुकुमबासी बस्ती शहरीकरणकै उत्पादन भएकाले शहर व्यवस्थापन र शहर विकास नीति तर्जुमा गर्दा यस्ता बस्ती र बस्तीवासीबारे विचार गर्नु आवश्यक छ । स्थानीय, प्रदेश र संघीय सरकारले सुकुमबासी बस्तीबारे ठोस कार्यनीति तर्जुमा गर्नुपर्छ । एकातर्फ यी बस्तीले शहरी गरिबीको प्रतिनिधित्व गरिरहेका छन् भने अर्कोतर्फ शहरलाई श्रम उपलब्ध गराएका छन् । शहरलाई जीवन्त राख्न यस्ता बस्तीको भूमिका रहेको छ । त्यसैले यी बस्तीको वैधताको खोजीलाई समाधान गर्दै शहरलाई सबै खालका मानिसको साझा बस्तीको रूपमा निर्माण गर्नुपर्छ ।

## धन्यवाद

यो लेख तयार पार्ने क्रममा सजिलै आफ्नो मनपेट खोल्ने र विश्वास गर्ने बिनापातेका बासिन्दाहरूप्रति आभारी छु । त्यस्तै, शोध स्थलमा सहयोग गर्ने साथीहरू रवीन्द्र पोखरेल, सुर्जन तिवारी, पूर्णचन्द्र भट्टराई, ओमप्रकाश खासु मगरप्रति आभारी छु । लेखनीमा पटक-पटक सुझाव दिन झर्को नमान्ने मानवशास्त्रका अध्येता अमृतकुमार भण्डारी र भाइ लक्ष्मण श्रेष्ठप्रति पनि आभारी छु । घरेलु वातावरण र बलियो मानसिकता निर्माणको लागि अस्मिता र शारदालाई धन्यवाद । यो शोधकार्यमा सहभागी गराउनु हुने सोहन प्रसाद साह र मेन्टरिङ प्रक्रियामा नथाक्ने महेशराज महर्जनप्रति कृतज्ञ छु ।

## सन्दर्भ सामग्री


क्षेत्री, रोहितराज । २०६६ । पश्चिमाञ्चल क्षेत्रको औद्योगिक नगरी : बुटवल । *बुटवल दर्पण* । पृ. १७३–१८० । बुटवल : बुटवल साहित्य, कला तथा संस्कृति प्रतिष्ठान ।

ढकाल, सुरेश । २०७५ । शहरका सुकुमबासी । *अन्नपूर्ण पोष्ट* (शहर विशेष अंक), वैशाख २०, पृ. १० ।

तानाका, मासाको । २०६३ । नेपालमा सुकुमबासी आन्दोलनको एक दशक । *सहरीकरण : जीविकाको विविध आयाम* । भास्कर गौतम र जगन्नाथ अधिकारी, सं., पृ. ९५–११६ । काठमाडौँ : मार्टिन चौतारी ।

नेपाल राजपत्र । २०७३ । भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना । *नेपाल राजपत्र,* खण्ड ६६, संख्या ६१ ।

प्रधान, रवीन्द्रप्रसाद । २०७५ । द *यात्रा* । काठमाडौँ : श्रीमती रेणुका प्रधान ।

बुटवल उमनपा कार्यालय । २०७४ । *बुटवल उपमहानगरपालिको पार्श्वचित्र* । बुटवल : बुटवल उपमहानगरपालिका कार्यालय ।

मैनाली, गोपीनाथ । २०७४ । *नापी बुलेटिन* । काठमाडौँ : कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय ।

शाक्य, आनन्दमान सिंह । २०५३ । बुटवल नगरपालिकाको शैक्षिक स्थिति एक विश्लेषण । *बुटवल स्मारिका* । पृ. १४–१८ । बुटवल : बुटवल नगरपालिका ।

सुकुमबासी समस्या समाधान आयोग । २०६६ । प्रगति प्रतिवेदन तथा सुझावहरू । अप्रकाशित प्रतिवेदन, काठमाडौँ ।

सुवेदी, भलक । २०६८ । सहरी गरिबी र राज्य । *सहरीकरण : जीविकाको विविध आयाम* । भास्कर गौतम र जगन्नाथ अधिकारी, सं., पृ १४१–१५३ । काठमाडौँ : मार्टिन चौतारी ।

Acharya, Balaram. 2010. Urban Poverty: A sociological Study of Shankhamul Squatter. *Dhaulagiri Journal of Sociology and Anthropology* 4: 179–192.

CBS (Central Bureau of Statistics). 2003. *Population Monograph*. Vol. I. Kathmandu: CBS.

Golubovic, Zagorka. 2011. An Anthropological Conceptualisation of Identity. *Synthesis Philosophica* 26(1): 25–43.

Kaplan, Paul F. and Nanda R. Shrestha. 1982. The Sukumbasi Movement in Nepal: The Fire from Below. *Journal of Contemporary Asia* 12(1): 75–88.

Munárriz, Luis Álvarez. 2013. Foreword: Anthropological Approach to Security. In *Anthropology and Security Studies*. Hurtado, Fina A. and Giovanni Ercolani, eds., pp. 5–14. Murcia: University of Murcia.

Neuwirth, Robert. 2005. *Shadow Cities: A Billion Squatters, A New Urban World*. New York: Routledge.

Shalheim, Peter. 2015. *Power for Nepal: Odd Hoftun and the History of Hydropower Development*. Kathmandu: Martin Chautari.

Shrestha, Nanda R. 2001. *The Political Economy of Land, Landlessness and Migration in Nepal*. New Delhi: Nirala Publication.

Shrestha, Reshma, Arbind Tuladhar, Jaap Zevenberge and Mahesh Banskota. 2014. Decades of Struggle for Space: About the Legitimacy of Informal Settlements in Urban Areas. Paper presented at FIG Congress, Engaging the Challenges – Enhancing the Relevance. Kuala Lumpur, Malaysia, June 16–21.

Shrestha, Reshma, Arbind Tuladhar, Jaap Zevenberge and Mahesh Banskota. 2016. Urban Land Governance: "Action Space," Legitimacy of and Intervention strategies for Urban Informal Settlements in Nepal. *Nordic Journal of Surveying and Real Estate Research* 11(2): 20–50.

Srivastava, Sanjay. 2015. *Entangled Urbanism.* Delhi: Oxford University Press.

Todaro, Michael P. and Stephen C. Smith. 2017. *Economic Development*. London: Pearson Publication.

Xiangming, Chen, Anthony M. Orum, and Krista E. Paulsen. 2013. *Introduction to Cities: How Place and Space Shape Human Experience*. Oxford: Wiley-Blackwell.